# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २० | काठमाडौं | मंगलबार, ३० वैशाख २०८२ | Prabhab National Daily | Tuesday, May 13 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com




२५६९औं बुद्ध जयन्तीको दिन भगवान् गौतम बुद्धको जन्मथलो लुम्बिनीस्थित मायादेवी मन्दिरको सोमबार देखिएको रात्रिकालीन दृश्य । *तस्बिरः मनोज क्षेत्री/रासस*

संघीय निजामती विधेयक

# अन्तरप्रदेश सरूवा खुला 'कुलिङ पिरियड'मा मिलेन कुरा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुक संघीय संरचनामा गएको वर्षौंपछि बल्ल संघीय कानुनअनुसार प्रदेश र स्थानीय तहमा समायोजित कर्मचारीको सरुवा हुने भएको छ । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले प्रदेश सरकारको दोहोरो सहमतिमा अन्तरप्रदेश र अन्तरतह दुवैको सरुवा हुनेगरी संघीय निजामती विधेयक प्रतिवेदन तयार पारेसँगै समायोजित कर्मचारीको सरुवा हुने भएको हो ।

सरुवा भएर जाने र पठाउने दुवै प्रदेश सरकारको सहमतिमा मिल्दो पद तथा दरबन्दीमा सरुवा हुन पाउने व्यवस्था समितिले गरेको हो । 'कर्मचारी समायोजनसम्बन्धी संघीय कानुनबमोजिम प्रदेशमा समायोजन भएका कर्मचारीलाई सम्बन्धित कर्मचारीको माग र सो प्रदेश तथा सरुवा हुने प्रदेशको प्रदेश सरकारको दोहोरो सहमतिमा अर्को प्रदेशको प्रदेश निजामती सेवाको मिल्दो पद तथा दरबन्दीमा मन्त्रालयले पारस्परिक सरुवा गर्न सक्ने छ,' विधेयकको दफा १२१ को उपदफाहरूमा मिलाउने विषयमा भनिएको छ ।

- प्रदेश निजामती सेवा वा स्थानीय सेवासम्बन्धी कानुन निर्माण गर्दा प्रदेश निजामती सेवा वा स्थानीय सेवामा कम्तीमा १० वर्ष बहाल रहेका कर्मचारीलाई सम्बन्धित प्रदेश सरकारहरूको सहमतिमा मिल्दो पद तथा दरबन्दीमा अन्तरप्रदेश सरूवा गर्न सक्ने
- निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले कति समयसीमापछि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने भन्ने विषयमा मिलेन कुरा

त्यसैगरी प्रदेश सरकारको सहमतिमा अन्तरप्रदेश सरुवासमेत गर्न सकिने व्यवस्था गरिएको छ । सम्बन्धित प्रदेश र स्थानीय तहका कर्मचारीलाई दोहोरो सहमतिमा अन्तरप्रदेश र स्थानीय तहमा सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयले सरुवा गर्ने अधिकार दिने प्रतिवेदनमा छ । यस्तै प्रदेश निजामती र स्थानीय सेवासम्बन्धी कानुनअनुसार भएको पदपूर्तिका कर्मचारीको पनि अन्तरप्रदेश सरुवा हुनसक्ने भएको छ । तर त्यसका लागि १० वर्षको न्यूनतम समय तोकिएको छ ।

'प्रदेश निजामती सेवा वा स्थानीय सेवासम्बन्धी कानुन निर्माण गर्दा प्रदेश निजामती सेवा वा स्थानीय सेवामा कम्तीमा १० वर्ष बहाल रहेका कर्मचारीलाई सम्बन्धित प्रदेश सरकारहरूको सहमतिमा मिल्दो पद तथा दरबन्दीमा अन्तरप्रदेश सरुवा गर्न सक्ने व्यवस्था गर्न सकिने छ,' विधेयकको दफा १२० बारे भनिएको छ । क्रमशः पृष्ठ २ मा

# आपराधिक प्रकरणमा मुछिएकालाई सत्ताको ओत !

■ **जेबी योञ्जन**



विष्णुप्रसाद पन्थी



ऋषिकेश पोखरेल



धनराज गुरुङ

**काठमाडौं–** सरकारले अनुहार हेरेर आपराधिक प्रकरणमा मुछिएकाहरूलाई अनुसन्धानको दायरामा ल्याउने गरेको आरोप खेप्दै आएको छ । नेकपा एमालेको लुम्बिनी प्रदेश सांसद विष्णुप्रसाद पन्थी, एमालेकै संघीय सांसद तथा सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेल र कांग्रेस सांसद धनराज गुरुङलाई पक्राउ गरेर अनुसन्धान नगरेपछि विपक्षी दलहरूले अनुहार हेरेर सरकारले पक्राउ गर्ने गरेको आरोप लगाउने गरेका छन् ।

नेकपा माओवादी केन्द्रका सांसद अमनलाल मोदी सरकार विपक्षीलाई फसाउने र सत्तापक्षलाई जोगाउने खेलमा लागेको बताउँछन् । उनले प्रभावसँग भने, 'प्रधानमन्त्री केपी शर्मा ओली आपराधिक कसूरमा मुछिएकाको अनुहार नहेरी कारबाही गर्ने भन्नुहुन्छ । तर, खोइ माननीय ऋषिकेश पोखरेलको पक्राउ ? खोइ माननीय धनराज गुरुङको पक्राउ ? खोइ लुम्बिनीका सांसद विष्णु पन्थीको पक्राउ ? उहाँहरूलाई किन जोगाइयो ?'

प्रधानमन्त्री ओली भ्रष्टाचार, अनियमितता र ठगी गर्नेहरूविरुद्ध सरकार निर्ममतापूर्वक प्रस्तुत हुने चेतावनी दिन्छन् । ठीक उल्टो सत्ता गठबन्धनको मुख्य घटक नेपाली कांग्रेस र आफ्नै दल एमालेका नेताहरूलाई भने विभिन्न प्रकरणमा मुछिँदा पनि पक्राउ नगराएर खुलमखुला हिँड्न दिन्छन् । यसलाई तथ्यलेसमेत पुष्टि गरेको छ ।

जस्तोः सोमबार भगवान् गौतम बुद्धको २५६९औं जन्मजयन्ती समारोह लुम्बिनीमा आयोजना गर्दा प्रधानमन्त्री ओलीसँगै लुम्बिनी प्रदेशका एमाले सांसद विष्णुप्रसाद पन्थी देखिए, जसलाई मोरङ जिल्ला अदालतले वर्ष दिनअघि नै छ महिना कैदको सजाय सुनाएको छ । प्रहरीलाई पक्राउ गरेर कानुनी दायरामा ल्याउनका लागि अदालतले पक्राउ पुर्जी पनि जारी गरिसकेको छ ।

- अदालतबाट पक्राउ पुर्जी जारी भएर पनि एमालेका लुम्बिनी प्रदेश सांसद विष्णुप्रसाद पन्थी संरकारको संरक्षणका कारण पक्राउ परेका छैनन्, उनै पन्थी सोमबार लुम्बिनीमा बुद्ध जयन्ती समारोहमा प्रधानमन्त्री ओलीसँगै देखिए, तर पक्राउ परेनन्
- पन्थीविरूद्ध मोरङ जिल्ला अदालतले वर्ष दिनअघि नै छ महिना कैदको सजाय फैसला
- कांग्रेस उपभापति एवं सांसद धनराज गुरूङ र अर्थ समिति सभापति एवं एमाले सांसद ऋषिकेष पोखरेलमाथि पनि गरिएन अनुसन्धान

उनीविरुद्ध विराटनगरको पल्लवी इलेक्ट्रा प्रालिलाई १३ लाख ५४ हजार रूपैयाँ नतिरेको आरोप छ । पीडित पल्लवी अदालत गएको र अदालतको न्यायाधीश मेदिनीप्रसाद पौडेलले पन्थीलाई बाँकी रकम तिर्न र कोर्ट फि पनि तिर्नु भन्दै आदेश दिइसकेको छ ।

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्लका अनुसार विधिको शासन हो भने यतिबेला पन्थी प्रहरी हिरासत वा थुनामा हुनुपर्थ्यो । तर, उनी सोमबार बुद्धजयन्ती कार्यक्रममा प्रधानमन्त्री ओलीसँगै देखिए । यति हुँदाहुँदै पनि प्रहरीका अनुसार उनी फेला परेका छैनन् । प्रहरी भन्छ- पन्थी फरार छन् । तर, प्रहरी उनकै अघिपछि हुन्छन् ।

आलोचकहरूका अनुसार सांसद पन्थी एमालेको भएको र उनको दलका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री छँदा उन्मुक्ति पाइरहेका छन् । उनी कपिलवस्तु वाणगंगा नगरपालिका राजपुरका हुन् । उनीसँगै देवराज खनाल गौतमबुद्ध हाइड्रोपावर प्रालि काठमाडौंका सञ्चालक हुन् । यो कम्पनीले पल्लवीबाट विद्युतीय सामग्री, ट्रान्सफर्मरको कारोबार गर्ने गर्दथ्यो । त्यही क्रममा २०७३ सालमै पन्थी र खनालको कम्पनीले पल्लवीबाट १८ लाख ५४ हजार रूपैयाँको सामान उधारो लगेको थियो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# साउदीमा अवैधानिक घरेलु कामदारलाई अवसर छ महिनाभित्र नयाँ रोजगारदाता छान्न पाउने

■ **ममता थापा**



**काठमाडौं–** साउदी अरेबियामा रोजगारदाता छाडेर भागेका घरेलु कामदारले कानुनी दायरामा आउन छ महिनाको अवसर पाउने भएका छन् । साउदीको मानव संसाधन तथा सामाजिक विकास मन्त्रालयले कम्पनी छाडेर भागेका घरेलु कामदारलाई लक्षित गरी छ महिनाको 'ग्रेस' अवधि घोषणा गरेको हो । यही मे ११ बाट लागू भएको यो नयाँ नियमले अवैधानिकरूपमा बसेका घरेलु कामदारहरूलाई नयाँ रोजगारदाता रोजेर वैधानिकता कायम गर्न अवसर प्रदान गर्ने मन्त्रालयले जनाएको छ ।

साउदीमा कम्पनीको अनुमति नलिइकन अनुपस्थित भएका, काम गर्न नमान्ने या भागेर लुकिछिपी बसेकाहरूलाई 'हुरुब' भनिन्छ । उनीहरू अवैधानिक मानिन्छन् र अधिकारबाट पनि वञ्चित हुन्छन् । उनीहरूलाई सरकारले पक्राउ गर्न, जरिवाना तिराउन, डिपोर्ट गर्न या फेरि साउदी प्रवेश गर्नबाट आजीवन रोक लगाउन सक्छ । मन्त्रालयले त्यस्ता श्रमिकहरूलाई कुनै दण्ड सजायविनै कानुनी अवस्था सच्याउन थप समयसीमा दिएको हो । उक्त अवधिमा उनीहरूले नयाँ रोजगारदाता छनोट गर्नुपर्ने छ या त साउदीबाट बाहिरिनुपर्ने छ ।

मे ११ तारिखपछिका घटनामा भने यो नियम लागू नहुने मन्त्रालयको भनाइ छ । अर्थात् मे ११ तारिखभन्दा पछाडि कामबाट भागेका श्रमिकहरूले सुविधा उपयोग गर्न पाउने छैनन् । यो नियम आगामी नोभेम्बरबाट निस्क्रिय हुने छ । साउदी सरकारले श्रमबजारको सुधारका लागि विभिन्न नीति नियमहरू फेरबदल गर्न थालेको छ । मन्त्रालयले यस निर्णयलाई पनि सुधारको पाटो भनेको छ । यो नियमले अवैधानिक ठहरिएका श्रमिकलाई काम लगाइरहेका रोजगारदाता र त्यसरी काम गरिरहेका श्रमिकहरूलाई राहत दिने विश्वास गरिएको छ । यसले रोजगारदाता र रोजगारकर्ता दुवैको अधिकार सुक्षित गर्ने मन्त्रालयले जनाएको छ ।

- यही मे ११ बाट छ महिनाको 'ग्रेस' अवधि लागू
- नयाँ रोजगारदाता रोजेर वैधानिकता कायम गर्नुपर्ने
- मे ११ पछि रोजगारदाता छाडेर भागेका कामदारले यो अवसर नपाउने

रोजगारदाताबाट भागेर पनि साउदीभित्रै रहेका र अवैधानिक ठहरिएका कामदारहरूलाई श्रम प्रणालीमा आबद्ध गराउन सरकारले यस्तो कदम चालेको हो । त्यस्ता श्रमिकहरूले मन्त्रालयको आधिकारिक घरेलु श्रमिक प्लेटफर्म 'मुसेद'मा गएर आवश्यक प्रक्रिया पूरा गरेपछि नयाँ रोजगारदाता छनोट गर्न सक्ने छन् । पूर्णरूपमा डिजिटल माध्यमबाट प्रक्रिया पूरा गर्न सकिने भएकाले श्रमिकहरूले कसैको दबाब या हस्तक्षेपविनै आफूलाई मन लागेको कम्पनीमा जान सक्छन् । सन् २०१६ बाट कार्यान्वयनमा आएको मुसेद प्रणालीलाई साउदीको घरेलु श्रमिक सुधार एजेण्डाको अभिन्न अंग मानिन्छ । यसले श्रम सम्झौता प्रमाणीकरण, भर्ना प्रक्रियाको ट्र्याकिङ र विवाद समाधानमा सहयोग गर्दै घरेलु श्रमिकको क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाउँदै आएको बताइन्छ ।

गत जनवरीमा सार्वजनिक एक अध्ययनअनुसार साउदीमा ३९ लाखभन्दा बढी घरेलु कामदार रहेका छन् । जसमध्ये २७ लाखभन्दा बढी पुरुष र १२ लाखभन्दा बढी महिला छन् । उनीहरू सफाइ, सवारी चालक, कुक, सुरक्षा गार्डजस्ता काममा आबद्ध छन् । विशेषगरी नेपाल, भारत, पाकिस्तान, बंगलादेशलगायत दक्षिण एसियाली मुलुकबाट साउदीले ठूलो संख्यामा श्रमिक लग्दै आएको छ । अन्य खाडी मुलुकको तुलनामा साउदीमा श्रमिकको माग बढी छ ।

क्रमशः पृष्ठ २ मा

# 'देखावटी पूजा होइन, बुद्धको मार्गमा हिँड्नुपर्छ'

■ **विविशा पौडेल**



**काठमाडौं–** सोमबार बिहानीको हल्का सुनौलो घामले स्वयम्भू महाचैत्यको गुम्बा र चौताराहरूमा मधुर उज्यालो छर्दै थियो । धर्ज्यु (बौद्ध मन्त्र लेखिएका झण्डा)हरू हावामा मन्द मन्द फर्फराइरहेका थिए, जहाँ हरेक रङले एक-एक सन्देश बोकेको जस्तो लाग्थ्यो- शान्ति, करुणा र समता ।

बुद्ध जयन्तीको दिन सोमबार स्वयम्भूको वातावरण सहरभन्दा पृथक लाग्थ्यो, न हडबडी, न चर्को आवाज, केवल शान्तिको गहिरो अनुभूति । ती अनुभूतिहरू त्यहाँ आएका प्रत्येक अनुहारमा प्रतिविम्बित भइरहेका थिए । स्वयम्भूको पुराना ढुंगे सिँढीहरू टेकेर माथि जानु केवल शारीरिक यात्रा थिएन, त्यो आध्यात्मिक यात्रासमेत थियो । ती सिँढीहरू चढ्दै गर्दा मान्छेहरू आफ्नो श्रद्धा, आस्था र प्रार्थनालाई साथ लिएर अगाडि बढिरहेका देखिन्थे ।

सितापाइला निवासी रुकी तामाङ स्तूपको छेउमा बसेर एउटा-एउटा दीप बालिरहेकी थिइन् । उनको अनुहारमा शान्त भाव थियो, बत्तीको झिल्कोमा टल्किरहेको थियो श्रद्धाको उज्यालो । 'हरेक बत्ती मेरो लागि एक-एक प्रार्थना हो,' उनले मन्द स्वरमा भनिन्, 'यो बत्ती मेरा हजुरआमाको सम्झनामा हो, यो आफ्ना छोराछोरीका लागि ।'

सोलुखुम्बुको लुक्ला घर भई हाल गोकर्णमा बस्दै आएकी सर्किनी शेर्पा स्तूप घुमिरहेकी थिइन् । बाल्यकालको सम्झनामा हराइरहेकी उनको आँखामा ग्रामीण बौद्ध जीवनको झलक झल्किन्थ्यो । 'लुक्लामा हुर्कंदा आजको दिन हामी सारा गाउँ मिलेर पूजा गर्थ्यौं,' उनले भनिन्, 'यहाँ सहरमा भए पनि, हरेक बुद्धजयन्तीमा म फेरि त्यो बालापनभित्र फर्कन्छु ।'

स्तूपको उत्तर कुनामा पानीका बोतल बोकेर बसेका थिए अरुण तामाङ । उनी चितवनको एक गुम्बाबाट आएका रहेछन् । उनको घर भने पर्सामा रहेछ । पसिनाले भिजेको टिसर्ट तर अनुहारमा गहिरो मुस्कान थियो । 'धर्म भनेको केवल पूजा होइन,' उनले भने, 'सेवा पनि हो । बुद्धको मार्गमा हामी हिँड्नुपर्छ, देखावटी पूजामात्र गरेर होइन ।'

> बुद्ध जयन्तीको दिन स्वयम्भूको वातावरण सहरभन्दा पृथक लाग्थ्यो, न हडबडी, न चर्को आवाज, केवल शान्तिको गहिरो अनुभूति । ती अनुभूतिहरु त्यहाँ आएका प्रत्येक अनुहारमा प्रतिविम्बित भइरहेका थिए ।

क्रमशः पृष्ठ २ मा

# ‘बुद्धको शान्ति सन्देश उत्तिकै सान्दर्भिक’



**काठमाडौं (प्रस)–** बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले शान्तिविना विकास सम्भव नहुने भएकाले भगवान् गौतम बुद्धको सन्देश अहिले पनि उत्तिकै सान्दर्भिक रहेको बताएका छन् ।

भगवान् गौतम बुद्धको २५६९औं जन्मजयन्तीका अवसरमा बौद्धनाथ क्षेत्र विकास समितिले सोमबार बौद्धमा आयोजना गरेको कार्यक्रममा उनले बुद्धको शान्ति सन्देशका माध्यमबाट नै मुलुकमा स्थिरता कायम हुने बताए । तृष्णालाई त्यागेपछि दुःखबाट छुट्कारा मिल्छ भन्ने बुद्धको मुख्य सन्देश अहिलेका मानिसलाई उत्तिकै लाभदायक भएको मुख्यमन्त्री लामाले सुनाए । वैशाख शुक्ल पूर्णिमालाई जन्म, ज्ञानप्राप्ति र महापरिनिर्वाण लिएको बुद्धको त्रिसंयोग दिवसका रूपमा मनाइने गरेको उनले बताए ।

संविधानसभा सदस्य जीपछिरिङ लामाले व्यक्ति सत्मार्गमा लागी मन राम्रो बनाएमा बुद्ध जयन्ती मनाएको सान्दर्भिक हुने धारणा राखे । पूर्वमन्त्री परशुराम तामाङले बुद्ध जन्मस्थलमा बढीभन्दा बढी पर्यटक आउने अवस्था बनाउनुपर्ने बताए ।

कार्यक्रममा तोर्तिङ ताम्बा रिन्पोछे र क्याब्जे झचाटुल रिन्पोछेबाट आयु अभिषेक (वाङ) प्रदान गरिएको थियो । सोमबार दिनभर बुद्धको अस्तुधातु पनि हायातचौरमा प्रदर्शन गरिएको थियो । समितिको संयोजकत्वमा गठित बुद्ध जयन्ती मूल समारोह समितिमा बौद्ध क्षेत्रका विभिन्न संघ संस्थाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमअघि महांकल चोकबाट सुरु भएको र्‍याली तीनचुलीहुँदै बौद्ध स्तूपा परिक्रमा गरी कार्यक्रमस्थलमा आएर सभामा परिणत भएको थियो । विभिन्न जातीय संस्कृति झल्कने झाँकीसहितको र्‍यालीमा हजारौं बौद्धमार्गीहरू सहभागी भएका थिए ।

पृष्ठ १ बाट क्रमशः

## आपराधिक प्रकरणमा...

पल्लवीका अनुसार पछि ताकेता गर्दा पाँच लाख रूपैयाँ दिए पनि १३ लाख ५४ हजार रूपैयाँ दिएन ।

यसपछि सञ्चालक मोरङ जिल्ला अदालत गुहार्न पुगे । ११ चैत २०७५ मा अदालतमा मुद्दा दर्ता गरायो । मुद्दामा २३ मंसिर २०७७ मा फैसला गर्दै न्यायाधीश मेदिनीप्रसाद पौडेलले बाँकी रकम १३ लाख ५४ हजार रूपैयाँ र सोको कोर्ट फि रकम प्रतिवादी गौतमबुद्ध हाइड्रोपावर प्रालि काठमाडौंबाट वादीले भराइ पाउने ठहर गर्ने निर्णय सुनाए ।

अदालतको यो निर्णयलाई सांसद पन्थीले अटेर गरे । यसपछि अदालतले दुवैलाई छ महिना कैद गर्न आदेश दियो । पन्थीलाई अदालतले ३२ जेठ २०८१ को आदेशअनुसार जिल्ला प्रहरी कार्यालय काठमाडौंलाई त्यही वर्षको १२ असारमा पक्राउ गरी अदालतमा दाखिल गर्न पत्राचार गरेको थियो । तर, यतिञ्जेल उनी पक्राउ परेका छैनन् । उनी एमालेको केन्द्रीय लेखा आयोगका उपाध्यक्षसमेत हुन् ।

पन्थीमात्रै होइन, एमाले नेता ऋषिकेश पोखरेल र कांग्रेसका उपसभापति धनराज गुरुङलगायतलाई पनि प्रहरीले अनुसन्धानका लागि पक्राउ गरेको छैन । माओवादी सांसद मोदीले धनराज र ऋषिकेशलाई सत्तारुढ दलका नेता भएकै कारण उन्मुक्ति दिन खोजिएको बताए । उनले त्यस्तो कार्य सरकारले गरे जनताले प्रतिवाद गर्ने चेतावनी दिएका छन् ।

गुरुङ ललितपुरको मितेरी सहकारी ठगी काण्डका आरोपी हुन् । एमाले सांसद सूर्य थापा संयोजक रहेको एक समितिले कांग्रेस उपसभापतिसमेत रहेका सांसद गुरुङलाई छानबिनको दायरामा ल्याउनुपर्ने सुझाव दिएको थियो, जुन अहिलेम्म भएको छैन । यसप्रति मोदी आश्चर्य भएको बताउँछन् । जबकि, श्रीमती ज्योति र धनराजसहितको संलग्नतामा १४ करोड ८१ लाख रूपैयाँ अपचलन गरेको छानबिन समितिको दाबी छ । तर, धनराज अहिलेसम्म पक्राउ परेका छैनन् । यस्तोबेला मोदी सत्तामा पार्टी छँदा विभिन्न घटनाका आरोपीहरूलाई बचाउने काम भएको टिप्पणी गर्छन् । हुन पनि रास्वपा सभापति रवि लामिछानेलाई भने थापा नेतृत्वको उपसमितिले सुझाएको प्रतिवेदनका आधारमा प्रहरीले गत वर्षको २ कात्तिकमा पक्राउ गरेको थियो । गुरुङ भने जोगिए ।

उता सहकारीको रकम अपचलनमा संसद्को सार्वजनिक लेखा समिति सभापतिसमेत रहेका एमाले सांसद ऋषिकेश पोखरेल र उनकी पत्नी अञ्जला पनि अनुसन्धानबाहिरै छन् । मोरङको उमागौरी सहकारी उनै ऋषिकेषले २०६८ सालमा स्थापना गरेको र त्यहाँ उनले श्रीमती अञ्जला कोइरालालाई समितिमा राखेका थिए । त्यही सहकारीमा अञ्जलासहितले सहकारीको १४ करोड ५६ लाख हिनामिना गरेको आरोप छ । पीडितहरूले प्रदेश सहकारी रजिस्ट्रार कार्यालयमा उजुरी दिएका छन् । तर, पोखरेललाई कानुनी दायरामा ल्याइएको छैन । श्रीमती अञ्जला केही दिन फरार भएर अदालतमा उपस्थित भइन् र १० लाख धरौटी बुझाएर रिहा भएकी छन् ।

यस्तै, यसअघि एमालेकै कोशी प्रदेश सांसद लीलावल्लभ अधिकारी मन्त्री छँदा मानव तस्करीको गम्भीर आरोप लाग्यो । तर, उनले जापान लगेकाहरू पक्राउ परेर थुनामा छँदा उनी भने जोगिएका छन् । यसलाई लिएर विपक्षी दलहरूले सत्ताले अपराध प्रकरणमा मुछिएकाहरूलाई जोगाएको टिप्पणी गर्दै आएका छन् ।

तर, एमाले सांसद ठाकुर गैरे भने यसलाई अस्वीकार गर्छन् । उनले भने, ‘सत्तामा रहेको दलका मानिसले अपराध गरे, उनीहरूलाई उन्मुक्ति दिने, जोगाउनेजस्ता आरोप निधार हुन् । कांग्रेसकै सांसद माया राई हालै पक्राउ पर्नुभएको छ । एमालेका कतिपय पक्राउ परेका छन् ।’

उनले सरकारले राजनीतिक प्रतिशोधविना आपराधिक प्रकरणमा मुछिएका जो कोहीलाई कानुनी दायरामा ल्याउने गरेको दाबी गरे ।

■■■

## अन्तरप्रदेश सरुवा...

सरकारले गरेको प्रस्तावमा स्थानीय तहमा समायोजन भएकामा प्रदेशको प्रमुख सचिवले प्रदेशभित्रकै अर्को स्थानीय तहमा सरुवा गर्न सक्ने प्रस्ताव थियो । तर समितिले अन्तरप्रदेश सरुवा हुने व्यवस्था थपिदिएको हो ।

### ‘कुलिङ पिरियड’को विवाद सल्टिएन

आइतबार समितिमा शिक्षामन्त्री रघुजी पन्तसमेत यस विधेयक छलफलमा उपस्थित भएका थिए । कर्मचारीको अवकाशपछि संवैधानिक वा विभिन्न सरकारी नियुक्तिमा कति समयसीमा राख्ने विषयबारे आफ्ना कुरा राख्न मन्त्री पन्त उपस्थित भएका थिए ।

अवकाशपछि नियुक्तिअघि केही समय आराम दिनुपर्ने भन्दै कुलिङ पिरियडको अवधारणा अघि बढेकोमा सत्तारूढ दलबीच यसबारे विवाद छ । नेपाली कांग्रेस दुई वर्षको समयसीमाको पक्षमा छ भने नेकपा एमाले एक वर्षको पक्षमा । नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले पनि यो व्यवस्थालाई कम्तीमा दुई वर्ष राख्नुपर्ने धारणा आइतबारको बैठकमा राखेका थिए । समितिका सदस्य पदम गिरीले विधेयकमा अन्तरप्रदेश सरकारको व्यवस्था गर्नुपर्ने धारणा राखे ।

समयसीमाको विवाद यथावत् रहे पनि यो प्रावधान राख्न भने दलहरू सहमत छन् । कूटनीतिक नियुक्ति र न्याय परिषद्को सिफारिसमा हुने नियुक्तिमा कुलिङ पिरियड नलाग्नेगरी यसअघि प्रतिवेदन तयार पारिएको थियो । समितिले तयार पारेको अन्तिम मस्यौदामा निजामती र अन्य सरकारी सेवाबाट अवकाश भएको कर्मचारी भन्ने शब्दावली राखिएको छ । विधेयकको दफा ८२ बारे भनिएको छ, ‘निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले एक वर्ष अवधि नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन ।’ राजदूतदेखि विभिन्न कूटनीतिक पदका लागि तय गरिएको यो व्यवस्थामा सहमति नजुट्दा प्रतिवेदनले पूर्णता पाउन नसकेको हो ।

कर्मचारी अवकाशको उमेर ५८ बाट ६० वर्ष पुर्‍याउने सहमति भइसके पनि अवकाशको मोडालिटीमा भने विवाद कायमै छ । समितिले तयार पारेको अन्तिम मस्यौदामा चार मोडालिटी प्रस्तावित छन् । ऐन कार्यान्वयनमा आएको आर्थिक वर्षमा ५८ वर्ष, दोस्रो आर्थिक वर्षको छ महिनासम्म ५८ वर्ष छ महिनाको प्रस्ताव छ । यस्तै दोस्रो आर्थिक वर्षको छ महिनापछि ५९ वर्ष छ महिना र सो अवधि सकिएपछि ६० वर्ष हुनेगरी प्रस्ताव गरिएको छ । विवादित दुई विषयलाई जेठ २ गतेको बैठकमा अन्तिम रूप दिनेगरी समितिमा समझदारी बनेको समितिका सभापति रामहरि खतिवडाले बताए ।

गृहमन्त्री रमेश लेखकले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०’ लाई समितिले छिटो पारित गर्नुपर्ने बताएका थिए ।

■■■

## देखावटी पूजा...

अरुणले बाँडेको पानीले थकाइ मेटाइरहेका भक्तजनहरू उसको सेवा भावप्रति कृतज्ञ देखिन्थे । उनका हात निरन्तर चलिरहे पनि मनमा थकाइ थिएन ।

स्वयम्भूको एउटा गुम्बामा ध्यानमग्न मुद्रा लिएर बसेका थिए, भिक्षु पासाङ लामा । झोला सम्हाल्दै उनले भने, ‘बुद्ध जयन्ती हाम्रा लागि केवल स्मृति होइन, अभ्यासको दिन हो । आज हामी अहिंसा, करुणा, सहिष्णुता र क्षमाका गुणहरू स्मरण गर्दै छौं ।’

उनका अनुसार अहिलेको समाजमा करुणाको खडेरी भइरहेको छ । ‘मानिस शिक्षित छन्, तर दया भेटिँदैन,’ उनी भन्छन्, ‘बुद्धको शिक्षाले हामीलाई आफ्नो अहंकार घटाउन सिकाउँछ । यही हो आजको दिनको महत्त्व ।’

स्वयम्भूको पश्चिम कुनामा केही समय उभिएर भीड नियालिरहेका फुर्बा शेर्पा यसपालिको अनुभव बाँड्न चाहन्थे । ‘पहिलाभन्दा मान्छेहरू अलि कम छन्,’ उनले भने, ‘सहरको जीवन व्यस्त भएको होला, तर जो आउँछन्, ती गहिरो श्रद्धा लिएर आउँछन् । संख्या होइन, भावना महत्त्वपूर्ण हो ।’ उनी बुद्ध जयन्तीको अर्थ भित्रभित्रै महसुस गरिरहेका थिए । ‘हरेक वर्ष म यहाँ आउँछु,’ उनले भने, ‘र, हरेक वर्ष केही न केही परिवर्तन हुन्छ ।’

स्तूपको छेउछाउमा दीपहरूले उज्यालो छरिरहेका थिए । झिलिमिली बत्ती, घन्किरहेको बौद्ध मन्त्र र दियोको झिल्कोमा आत्माको शान्ति भेटिन्थ्यो । स्वयम्भूको बुद्ध जयन्तीमा श्रद्धालु र भक्तजनहरूले भनिरहेका थिए, ‘शान्ति खोज्ने होइन, बाँच्ने कुरा हो ।’

स्वयम्भूको सिँढीबाट तल झर्दै गरेका मानिस हेर्दा यात्रा केवल स्तूपको वरिपरि घुम्ने होइन, आत्माको भित्रभित्र यात्रा गर्ने पर्व थियो, जुन मनमा गहिरो निशान छाडेर जान्छ ।

■■■

## साउदीमा अवैधानिक...

अघिल्लो आर्थिक वर्षमा नेपालबाट व्यक्तिगत, संस्थागत पुनः श्रम स्वीकृति लिएर एक लाख ४१ हजार ५०३ जना रोजगारीका लागि साउदी गएका थिए । जसमा महिलाको संख्या भने ८३६ जनामात्र थियो । त्यस्तै चालु आर्थिक वर्षको नौ महिनामा नेपालबाट कूल एक लाख १७ हजार ५७ जना रोजगारीका लागि साउदी गएका छन् । उक्त अवधिमा महिला ५१६ जना गएका छन् । उनीहरूमध्ये अधिकांश पुनः श्रम स्वीकृति लिएर गएका हुन् ।

वार्षिक लाखौंको संख्यामा नेपाली श्रमिकहरू साउदी गइरहेको अवस्थामा विभिन्न कारण अवैधानिक बनेका श्रमिकको संख्या उल्लेख्य रहेको अनुमान गर्न सकिन्छ । यसअघि साउदीले गैरकानुनीरूपमा बस्दै आएका कामदारलाई ‘एक्जिट भिसा’ दिएर नेपाल फर्काइदिने गरेको थियो । श्रमबजारलाई अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको बनाउँदै लैजान भन्दै घरेलु श्रमिकको हकमा नयाँ नियम लागू गरेको हो ।


सुदूरपश्चिसम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
टीकापुर अस्पताल
टीकापुर, कैलाली।

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८२/०१/३०**

यस अस्पतालको मिति २०८१/१२/१२ गतेको बोलपत्र आव्हानको सूचना बमोजिम e–Bidding मार्फत समय सीमाभित्र रीतपूर्वक दर्ता हुन आएको बोलपत्रको मितिः२०८२/०२/०५ गते तपसिल बमोजिम आर्थिक प्रस्ताव खोलिने हुँदा उपस्थितिको लागि जानकारी गरिन्छ ।

**तपसिलः**

| ठेक्का नं. | सफल बोलपत्रदाता | खोलिने मिति र समय |
|---|---|---|
| TH/Kailali/NCB/Goods/12/2081-082 Supply, Delivery and Installation of Histopathology Slide Printer | Aayush Surgichem, Dhangadhi-Kailali | २०८२/०२/०५ दिउँसो १ बजे |

प्र.मे.सु.

नेपाल सरकार
ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
जलश्रोत तथा सिंचाई विभाग
सिंचाई तथा नदी व्यवस्थापन आयोजना
पाटन, बैतडी

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

*(सूचना प्रकाशित मिति : २०८२/०१/३०)*

यस आयोजनाबाट मिति २०८१/१२/१४ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना क्षं्य ल्यास क्ष्ःएद्यबष्तबमष(ल्म्रद्य(ध्यचपक( म्बचअजगबिःबचकबतष(ण्द्ध(ण्डज्ञरडद्द वमोजिम निर्धारित अवधिभित्र पेश भएका बोलपत्रहरू मध्ये तपसिलका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही भएको हुँदा सफल बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव मिति २०८२/०२/०६ गते दिउँसोको २:०० बजे यस आयोजनामा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| S. N. | Description of Works | Substantially Responsive Bidders |
|---|---|---|
| 1. | Reconstruction and Protection Works of Marmati Cluster of Marma Rural Municipality-4, Darchula. | 1. M/s NS-AC JV, Manohara, Kathmandu. |
| | | 2. M/s SSNC-PKC-Aakanksha JV, Surma-02, Bajhang. |

आयोजना प्रमुख

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित गरिएको सूचना २०८२/०१/३०

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. ३३७७८९/८०/८१, को साविक **एस.होटल प्रा. लि.** कम्पनीको नाम परिवर्तन भई अबउप्रान्त **सिद्धार्थ होटल्स एण्ड रिसोर्ट्स प्रा. लि.** कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति : २०८२/०१/१७ गते समेत स्वीकृती प्राप्त भईसकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सिद्धार्थ होटल्स एण्ड रिसोर्ट्स प्रा. लि.**
का.म.न.पा. ३२, कोटेश्वर, काठमाडौं, नेपाल

**कम्पनीको नाम परिवंतन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०१/३०**

यस कम्पनीको मिति २०८१/१२/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **करियर फोकस इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **कान्तिपुर इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी ललितपुर प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०१/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कान्तिपुर इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी ललितपुर प्रा.लि.** (प्रा.लि.नं.१८८१४३/७४/७५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**Aathabis Municipality**
**Office of Municipal Executive**
**Karnali Province, Dailekh**

**Invitation for Bids**

**Date of publication: 13th May, 2025**
**Invitation for Bids No: 06/NCB/AM/ICT/2081-082**

1. The **Aathabis Municipality, Office of Municipal *Executive*** invites **electronic** bids from eligible bidders for the procurement of **Supply, Delivery And Installation of ICT Equipment at Janajyoti Secondary School of Aathabis, Municipality** under National competitive bidding.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Aathabis Municipality, Office of Municipal Executive, Karnali Province , Phone no: 089690475, Email address: www.aathabismun.gov.np or may visit PPMO e-GPsystem: www.bolpatra.gov.np/egp**
3. A complete set of Bidding Documents may be downloaded for e-submission from PPMO's Web Sitewww. bolpatra.gov.np./egp,Bidders, submitting their bid electronically, should deposit the cost of **Rs 3,000**of bidding document in the Project's Rajaswa (revenue) account and Bid security as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Name of the Bank:** Nepal investment bank Ltd, daba branch, Dailekh
   **Name of Office:** Aathabis Municipality, office of Municipal Executive Rakam karnali, Dailekh
   **Office Account no.: 06301400250085**(for Bid document cost). And if bidder wishes to submit the **Bid Security** in the form of cash, the cash should be deposited in Deposit Office Account No**.06301400250030.**
4. Pre-bid meeting shall not be held.
5. Electronic bids must be submitted to the **Aathabis Municipality, Office of Municipal *Executive*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 PM*** on 1**2th Jun, 2025**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the absence or in the presence of Bidders' representatives who choose to attend at **2:00PM** on 1**2th Jun, 2025** at **Aathabis Municipality, Office of Municipal Executive**. Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs***. 90,000 [NRs Ninety Thousand only]*** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.
9. The Estimated amount for the goods are as specified on the following Table.

| S.No. | Contract ID. | Contract name | Bid Security Amount | Bid Document Cost | Estimated Amount Including VAT |
|---|---|---|---|---|---|
| 1 | 06/NCB/AM/ ICT/2081-082 | **Supply Delivery And Installation of ICT Equipment at Janajyoti secondary school of Aathabis, Municipality** | NRs.90,000.00 | NRs 3,000.00 | NRs. 4,088,679.00 |

**Chief Administrative Officer**

# 'अशान्ति र द्वन्द्व समाधानका लागि बुद्ध शिक्षा महत्त्वपूर्ण'




■ प्रभाव संवाददाता

**लुम्बिनी–** प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वव्यापीरूपमा बढिरहेको अशान्ति र द्वन्द्व समाधान गर्न बुद्धबाट प्राप्त शिक्षा महत्त्वपूर्ण भएको बताएका छन् । बुद्ध जन्मस्थल लुम्बिनीमा सोमबार आयोजित २५६९औं बुद्धजयन्ती एवं लुम्बिनी दिवस-२०८२ मूल समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले समयक्रममा बुद्धको उपदेश र शिक्षा विश्वका लागि महत्त्वपूर्ण रहेको बताए ।

उनले अहिले विश्वमा बढ्दै गएको द्वन्द्व र हिंसालाई हतियारको बलमा नभई बुद्धबाट प्राप्त शान्तिको सन्देशले मात्र रोक्न सक्ने धारणा व्यक्त गरे । प्रधानमन्त्री ओलीले भारत-पाकिस्तानबीचको द्वन्द्व नेपालसहित अन्तर्राष्ट्रिय जगतको अनुरोधपछि दुवैपक्ष संयमित भएका तथा त्यसको परिणामस्वरूप युद्ध रोकिनुका साथै क्षति हुनबाट जोगिएकामा खुसी व्यक्त गरे । केही दिनअघि छिमेकी मुलुक भारत र पाकिस्तानबीच तनावको स्थिति देखिएको प्रसंग उल्लेख गर्दै उनले स्थिति त्योभन्दा बढी अघि बढ्न नपाएको र संयमताका लागि दुवै पक्षलाई धन्यवादसमेत दिए ।

विद्यमान विश्वपरिवेशमा बुद्धको शान्तिको सन्देश जतासुकै आवश्यक रहेको उनको भनाइ थियो । 'बुद्धको सन्देशको महत्त्व व्यक्तिको मनस्थितिको शान्तिका लागि छ, पारिवारिक शान्तिका लागि र हरेक ठाउँमा उत्तिकै छ,' प्रधानमन्त्री ओलीले भने । बुद्धको जन्मथलोको विकासमा योगदान गर्ने सबैलाई स्मरण गर्दै प्रधानमन्त्री ओलीले उनीहरूप्रति आभार व्यक्त गरे । लुम्बिनीको विकासका लागि गुरुयोजना निर्माण गरेर विशेष योगदान पुऱ्याउने प्रोफेसर केन्जो टांगेप्रति आभार व्यक्त गर्दै उनले गुरुयोजना पूरा गर्न अझै बाँकी रहेको र गुरुयोजना यथासक्य छिटो सम्पन्न गर्नेगरी काम अघि बढाइने प्रतिबद्धता व्यक्त गरे ।

प्रधानमन्त्री ओलीले बुद्धको शिक्षाको मुख्य उद्देश्य शान्ति, मानवतावाद र करूणा रहेको उल्लेख गर्दै बुद्धका उपदेश र आदर्श हामीले आत्मसात् गर्नुपर्ने बताए । बुद्धका शिक्षा र उपदेश फैल्याउन बौद्ध विश्वविद्यालय स्थापना गरिएको बताउँदै उनले विश्वविद्यालयले खोज अनुसन्धानमा ध्यान दिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री तथा लुम्बिनी विकास कोषका अध्यक्ष बद्रिप्रसाद पाण्डेले लुम्बिनीमा बनेको ध्यानकेन्द्र हलको 'साउण्ड सिस्टम'लाई व्यवस्थित गर्न सरकारले काम अघि बढाएको र आगामी बुद्धजयन्ती अगावै व्यवस्थित हुने जानकारी गराए । लुम्बिनी गुरुयोजना पूरा गर्न तथा लुम्बिनीका साथै वृहत्तर लुम्बिनी क्षेत्रको विकास योजना लागू गर्न सरकार प्रतिबद्ध रहेको उनले बताए ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बुद्ध दर्शनको महत्त्व दिन प्रतिदिन बढिरहेको उल्लेख गर्दै आजको दिनमा बुद्ध शिक्षालाई अझ व्यापक बनाउन जरुरी रहेको बताए । उनले लुम्बिनी विश्वको आस्थाको केन्द्र भए पनि यहाँ पर्यटक ल्याउनका लागि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमितरूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्यारक्याल लामाले हिंसा र द्वन्द्व अन्त्य गर्न तथा बुद्ध दर्शनको सन्देश विश्वव्यापीरूपमा फैल्याउन जरुरी रहेको बताए । कार्यक्रममा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले नेपाल र भारतबीच ऐतिहासिक, पुरातात्त्विक र संस्कृतिक सम्बन्ध रहेको कुरा भगवान् गौतम बुद्धको जन्मदेखि महापरिर्वाणसम्मको इतिहासले स्पष्ट पारेको बताए ।



२५६९औं बुद्ध जयन्तीको अवसरमा सोमबार बौद्धस्थित गुरुल्हाखाङ गुम्बामा प्रार्थना गर्दै राष्ट्रपति रामचन्द्र पौडेल । *तस्बिर: रासस*

## देशभर मनाइयो उभौली

**काठमाडौं (प्रस)–** किरात राई समुदायले आपसी सद्भाव, एकता र समृद्धिको कामनाकासाथ सोमबार उभौली (साकेला) पर्व भूमिको पूजाआजा गरी मनाएका छन् । प्रकृतिका पूजक किराती समुदायले यस पर्वमार्फत सबैलाई संस्कार र संस्कृतिको संरक्षण तथा प्राकृतिक चक्रप्रति कृतज्ञता प्रकट गर्ने गरेका छन् । प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन मनाइने यस पर्वमा बाली लगाउनुअघि गाउँका भूमेथानमा राम्रो अन्नबाली फलोस्, समयमा पानी परोस्, रोगव्याधि नलागोस् भनी कामना गर्दै प्रकृतिको पूजा गर्ने परम्परा छ ।

उभौलीसँगै गर्मी बढ्ने भएकाले मानिस, जीव तथा जलचरसमेत बेँसीबाट लेकतिर लाग्ने हुँदा यस पर्वको नाम उभौली भन्ने गरिएको हो । यसै दिनदेखि एक महिनासम्म भूमेथान वरपर साकेला नृत्यसमेत नाचिने गरिन्छ ।

यसैबीच, राजधानीमा बसोबास गर्दै आएका किरात राई समुदायले ललितपुरको हात्तीवन र नखिपोट तथा काठमाडौंको गोकर्ण सामुदायिक वनमा भेला भई सुप्तुलुङ (तीन चुल्हो) पूजा र साकेला सिली प्रदर्शनी गरी यो पर्व मनाएका छन् ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय**
सर्लाही, मलंगवा

**३५ (पैतिस) दिने सार्वजनिक सूचना ।**

प्रकाशित मिति : २०८२/०१/३० गते

**जिल्ला सर्लाही साविक गा.वि.स.जब्दी वडा नं.९ हाल लालबन्दी न.पा.वडा नं.१७ मा बस्ने सेते घिसिङ तमाङ/वाइबा नाउँको हकदावी गर्न आउने बारेको सूचना !**

उपरोक्त सम्बन्धमा जि.सर्लाही साविक गा.वि.स.सासापुर वडा नं.६ हाल हरिवन न.पा.वडा नं.३ मा बस्ने कुमारीदेवीको नाममा दर्ता कायम रहेको जि.स.गा.वि.जब्दी वडा नं.९ कि.नं.७१ को क्षेत्रफल ०-१-४ जग्गाको मोही महलमा जि.सर्लाही साविक गा.वि.स.जब्दी वडा नं.९ हाल लालवन्दी न.पा.वडा नं.१७ मा बस्ने सेते घिसिङ तमाङ/वाइबाको नाम उल्लेख रहेकोमा जग्गा धनीको भगुवा मोही लगत कट्टा गरी पाऊँ भन्ने निवेदनमा कार्यालयबाट भएको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आफू वा ऐन वमोजिमको वारेस प्रमाणसहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम भगुवा मोही लगत कट्टातर्फको कार्वाही भै जाने यसै सूचनाद्वारा जानकारी गराइन्छ । पछि तपाईंको उजुर बाजुर लाग्ने छैन ।


**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

**Ripple Group of Industry and Trade Pvt.ltd, Itahari-4, Sunsari**
**Regd.no.:242203/077/078, Publication Date: 2082-01-30**

| S.n | Particular | Unit | Capacity | Rate |
|---|---|---|---|---|
| 1 | Feel Mee M50 pad vending machine(Coin/Token) | 1 pcs | 50 Pads | Rs.40000/- |
| 2 | Feel Mee M100 pad vending machine(Coin/Token) | 1 pcs | 100 pads | Rs.50000/- |
| 3 | Feel Mee P50 pad vending machine(Push Button) | 1pcs | 50 pads | Rs.40000/- |
| 4 | Feel Mee P100 pad vending machine(Push Button) | 1pcs | 100 pads | Rs.50000/- |
| 5 | Feel Mee E100 pad vending machine(RFID/Smart card) | 1pcs | 100 pads | Rs.65000/- |
| 6 | Feel Mee D50 pad Disposal machine | 1pcs | 50 pads | Rs.50000/- |
| 7 | Feel Mee D100 pad Disposal machine | 1 pcs | 100 pads | Rs.60000/- |
| 8 | Feel Mee D200 pad disposal machine | 1pcs | 200 pads | Rs.80000/- |
| 9 | Feel Mee Maternity pad (64G) | 1pkt | 8pcs | Rs.60/- |
| 10 | Feel Mee Maternity pad (120G) | 1pkt | 8pcs | Rs.90/- |
| 11 | Feel Mee Sanitary Pad Regular choice 240mm | 1pkt | 8pcs | Rs.75 |
| 12 | Feel Mee Sanitary Pad secure 280mm | 1pkt | 8pcs | Rs.110/- |
| 13 | Feel Mee sanitary Pad Good day 320mm | 1pkt | 8pcs | Rs.150/- |
| 14 | Feel Mee Surgical mask (Blue/Black/White) | 1pkt | 50pcs | Rs.250/- |
| 15 | Feel Mee Wet wipes | 1pkt | 90pcs | Rs.150/- |

**साउदीमा रोजगार** कम्पनी : AMINENT NEXUS LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०१/२७ | LT. No. 323610 | चलानी नं. ६०२३७६०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 1000 | ३६,३७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ६ गते (20th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**साउदीमा रोजगार** कम्पनी : DURRAT AL SAFEER MAINTENANCE & CLEANING IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | LT. No. 323595 | चलानी नं.६०२३७५५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 5 | 0 | 1000 | ३६,३७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF INDUSTRIAL SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | LT. No. 323596 | चलानी नं.६०२३७५५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 5 | 0 | 1800 | ६५,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | WORKSHOP WORKER | 5 | 0 | 1200 | ४३,६४८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ६ गते (20th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | 10,000/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd श्रम इजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

**युएइमा रोजगार** कम्पनी : PLATINUM HANDS FACILITY MANAGEMENT SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८०/१२/०६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०१/२९ | LT. No. 301939 | चलानी नं. ६०२१७०४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 75 | 6 | 800 | २९,७१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ६ गते (20th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ACE RECRUITMENT Ace Recruitment Pvt. Ltd. श्रम इजाजत नं. १६२६/०७९/०८०
Prakash Ashram Road, Near Int'l Airport, Kathmandu, Nepal, Tel: +977 1-5914502, 1-5914503, 9801316307, 9801316308
WhatsApp: +977 9801316307, Mail: cv.acenepal@gmail.com, jobs.acerecruitment@gmail.com, Web: www.acerecruitment.com.np

**बहराइनमा रोजगार** कम्पनी : JANNATY BAHARAIN FOOD INDUSTRIES CO. WLL

पूर्व स्वीकृति मिति : २०८०/०७/१५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०१/२९ | LT. No. 323288 | चलानी नं. ६०२०९५९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Helper | 15 | 10 | 100 | ३६,२३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ६ गते (20th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD. Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np


**मुक्तिनाथ कृषि कम्पनी लि.**
**MUKTINATH KRISHI COMPANY LTD.**
An Associate Company of Muktinath Bikas Bank

Basundhara Ringroad, Kathmandu Nepal
Tel: +977-1-4950097
Email: info@muktinathkrishi.com
Web: www.muktinathkrishi.com

## Unaudited Financial Results (Quarterly)
3rd Quarter of financial Year 2081/82

### Quarterly Statement of Financial Position
As at 31 Chaitra 2081 (13 April 2025)

*Amount in Rs*

| Particulars | MKCL: Upto this quarter (31st Chaitra, 2081) | MKCL: Corresponding Previous Year Quarter (31st Chaitra, 2080) |
|---|---|---|
| **ASSETS** | | |
| **Non-Current Assets** | | |
| Property, Plant and Equipments | 150,596,791 | 71,567,530 |
| Biological Assets | 115,000 | - |
| Intangible Assets | 5,616,060 | 6,557,689 |
| Investment | 126,428,500 | 102,000,000 |
| **Total Non-Current Assets** | **282,756,351** | **180,125,219** |
| **Current Assets** | | |
| Inventories | 227,194,779 | 315,351,069 |
| Trade and Other Receivables | 681,511,334 | 405,152,099 |
| Income Tax Assets | 6,880,370 | 5,645,476 |
| Prepayments | 1,213,636 | 126,031 |
| Cash & Cash Equivalents | 37,469,392 | 43,859,453 |
| Deferred Tax Assets | 27,402,668 | 25,561,065 |
| **Total Current Assets** | **981,672,179** | **795,695,193** |
| **Total Assets** | **1,264,428,530** | **975,820,412** |
| **EQUITY AND LIABILITIES** | | |
| **Equity** | | |
| Equity Share Capital | 700,000,000 | 700,000,000 |
| Other Equity | (8,784,352) | (43,718,741) |
| **Total Equity** | **691,215,648** | **656,281,259** |
| **Liabilities** | | |
| **Non-Current Liabilities** | | |
| Deferred Tax Liabilities | | |
| **Total Non-Current Liabilities** | - | - |
| **Current Liabilities** | | |
| Trade and Other Financial Liabilities | 330,674,448 | 221,106,672 |
| Provisions | 5,212,082 | 4,760,962 |
| Short Term Loan | 237,326,352 | 93,671,519 |
| **Total Current Liabilities** | **573,212,882** | **319,539,153** |
| **Total Equity and Liabilities** | **1,264,428,530** | **975,820,412** |

### Quarterly Statement of Profit or Loss
As at 31 Chaitra 2081 (13 April 2025)

*Amount in Rs*

| Particulars | MKCL: Upto this quarter (31st Chaitra, 2081) | MKCL: Corresponding Previous Year Quarter (31st Chaitra, 2080) |
|---|---|---|
| Revenue from Operations | 489,048,461 | 376,135,515 |
| Less: Cost of Goods Sold | 392,614,011 | 265,825,951 |
| **Gross Profit** | **96,434,450** | **110,309,564** |
| Other Income | 8,051,683 | 2,611,009 |
| **Total Income** | **104,486,133** | **112,920,573** |
| **Operating Expenses** | | |
| Personnel Expenses | 40,455,275 | 38,865,792 |
| Other Operating Expenses | 24,324,482 | 37,354,743 |
| Financial Expenses | 9,803,426 | 8,570,431 |
| Depreciation and Amortisation Expenses | 7,412,916 | 6,739,015 |
| **Total Operating Expenses** | **81,996,099** | **91,529,981** |
| Non Operating (Income)/Expenses | 41,000 | 103,862 |
| **Total Expenses** | **82,037,099** | **91,633,843** |
| **Profit before Income Tax** | **22,449,033** | **21,286,730** |
| **Tax Expenses** | | |
| Current Tax | - | - |
| Deferred Tax | - | - |
| **Total Tax Expenses** | - | - |
| **Profit for the Period** | **22,449,033** | **21,286,730** |
| Basic Earning Per Share (EPS)-Annualized | 4.28 | 4.05 |

(धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित अनुसुची १४ सँग सम्बन्धित)

**मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन**

१. **वित्तीय विवरण:**
कम्पनीको हिसाव किताबको लेखाँकन अनुसार आर्थिक वर्ष २०८१/०८२ को माघ १ देखि चैत्र ३१ सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण ।**
आर्थिक वर्ष २०८१/०८२ को कम्पनीको तेश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरण अनुसुची १ मा प्रस्तुत गरिएको छ । साथै, त्रैमासिक अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमति व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार भएको छैन ।

(ख) **न्यूनतम रुपमा प्रमुख वित्तीय अनुपातहरु जस्तै: प्रति शेयर आम्दानी, P/E ratio, प्रति शेयर नेटवर्थ, प्रति शेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरण ।**

| विवरण | चालू आर्थिक वर्षको तेश्रो त्रैमाससम्म (अपरिस्कृत) | तत्काल अघिल्लो वर्षको त्रैमासिक अन्त्यसम्म (लेखापरीक्षण भएको) |
|---|---|---|
| ऋण पुँजीको अनुपात | ३४% | १३% |
| प्रति शेयर कमाई (वार्षिक) | ४.२८ | ४.०५ |
| प्रति शेयर नेटवर्थ | ९८.७५ | ९३.७५ |
| प्रति शेयर बजार मूल्य (अन्तिम मूल्य) | १६१३.०६ | ९२८ |
| मूल्य/आम्वानी अनुपात | ३७७.२४ | २२८.८७ |
| सम्पतिमा प्रतिफल | १.७८% | २.१८% |
| पुँजीमा प्रतिफल | ३.२५% | ३.२४% |
| चालू अनुपात | १.७१ | २.४९ |

२. **व्यवस्थापकीय विश्लेषण**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:**
कम्पनीले योजनावद्ध रुपमा कार्यान्वयन गरेको खरिद र विक्रि लक्ष तथा संस्थागत वितरणकर्ताहरुको छनोटको कारण, त्रैमासिक अवधिमा कम्पनीको मौज्वात अघिल्लो वर्षको सोही अवधिको तुलनामा घटेको छ भने नाफावर घट्न जाँदा खुद आम्दानी केहि मात्रामा वृद्धि भएको छ । विक्रि मार्फत उठाउनु पर्ने रकम बढ्न जाँदा तरलतामा केहि प्रभाव परेको छ ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
कम्पनीसंग हाल कायम रहेको मौज्दातको प्रकृति, सरकारी तथा गैरसरकारी निकायहरुको परियोजनामा कम्पनीको उपस्थिती, हालसम्म विस्तार गरेको व्यवसायिक संरचनाहरु, कर्मचारीहरुको क्षमता अभिवृद्धि र कम्पनीको वस्तु तथा सेवाहरुमा बढ्दै गइरहेको मागको कारण आगामी त्रैमासिक अवधिमा व्यवसायमा उल्लेख्य विस्तार हुने देखिन्छ ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण ।**
सरकारी तथा गैरसरकारी सहुलियतका कार्यक्रमहरु अनुसार बजेट कार्यान्वयनको अवस्था, बालि लगाउने समयमा हुने मौसमको अवस्था, कृषि उपजहरुको बजार सुनिश्चितताको अवस्था इत्यादिको कारण मौज्दात, नाफा तथा नगद प्रवाहमा तात्विक असर गर्न सक्दछ, जसलाई सन्तुलनमा राख्न कम्पनीले विभिन्न व्यवसायिक रणनीतिहरु तथा कार्ययोजना अवलम्बन गरेको छ ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**

(क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए:**
- आ.व. २०८१/८२ को तेश्रो त्रैमासिकमा यस कम्पनीले कुनै पनि व्यक्ति वा संस्थाविरुद्ध कुनै पनि मुद्दा दायर गरेको छैन ।
- आ.व. २०८१/८२ को तेश्रो त्रैमासिकमा यस कम्पनी विरुद्ध कुनै पनि व्यक्ति वा संस्थाले मुद्दा दायर गरेको जानकारी प्राप्त भएको छैन ।

(ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए:**
- संस्थालाई यस बारेमा कुनै सूचना तथा जानकारी प्राप्त नभएको ।

(ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,**
- आ.व. २०८१/८२ को तेश्रो त्रैमासिकमा कम्पनीको कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी कम्पनीलाई प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**
यस कम्पनीको शेयरहरु नेपाल धितोपत्र बोर्डको रेखदेखमा खुल्ला बजारले तय गरेको मूल्य बमोजिम नियमित रुपमा कारोबार भइरहेको छ ।

(ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या ।**

| कारोबार मूल्य: अधिकतम मूल्य | कारोबार मूल्य: न्यूनतम मूल्य | कारोबार मूल्य: अन्तिम मूल्य | कुल शेयरको कारोबार दिन र संख्या: कारोबार भएको कुल दिन | कुल शेयरको कारोबार दिन र संख्या: जम्मा कारोबार संख्या | कुल शेयरको कारोबार दिन र संख्या: कुल कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| १८६५ | १४५०.४० | १६१३.०६ | ५६ | १२४४२ | ६,४९,२२३ |

५. **समस्या तथा चुनौती:**

(क) **आन्तरीक समस्या तथा चुनौतीहरु:**
कम्पनीले आ.व. २०८१/८२ को तेश्रो त्रैमासिकमा सुचनात्मक प्रकृतिका आन्तरीक समस्या तथा चुनौतिहरुको सामना गर्नुपरेको छैन ।

(ख) **वाह्य समस्या तथा चुनौतीहरु:**
समग्र बजारमा देखिएको व्यवसायिक सुस्तता र सहुलियत तथा अनुदानका कार्यक्रममा भइरेहको उत्तारचढावको कारण उपलब्ध व्यवसायिक साझेदारहरुसंग भुक्तानी जोखिमभार बढ्दै जाँदा त्रैमासिक अवधिको लागि लिइएको लक्ष बमोजिम व्यवसाय वृद्धि गर्न चुनौती भोग्नुपरेको छ ।

(ग) **रणनीतिहरु:**
उल्लेखित समस्या तथा चुनौतीहरुलाई न्यूनिकरण गर्नको लागि वेहायबमोजिमका रणनीतिहरुको विकास गरेको छ ।
अ. व्यवसायिक कृषि उत्पादन क्षेत्रमा लक्षित रुपमा कृषक अभिमुखिकरण र सहकारीहरुसंग साझेदारी मार्फत व्यवसाय प्रवर्द्धनका कार्यहरु गर्ने ।
आ. उच्च प्रविधि तथा सेवाहरुलाई मूख्य प्राथमिकता दिई व्यवसायको आकार वृद्धि गर्दै जोखिम न्यूनिकरण गर्ने ।
इ. नयाँ व्यवसाय (वस्तु तथा सेवाहरु) तथा व्यवसायिक साझेदारहरुको खोजि तथा साझेदारी गर्ने ।

६. **संस्थागत सुशासन:**
कम्पनीले संस्थागत सुशासन कायम गर्नको लागि विभिन्न किसिमका नीतिनियम, निर्देशिका तथा कार्यविधिहरु निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गरेको छ । संचालक समितिको नियमित वैठक, संचालकहरुको नेतृत्वमा लेखा परीक्षण समिति सहित विभिन्न समितिहरु मार्फत आन्तरीक नियन्त्रण गर्ने अभ्यास अवलम्बन तथा योजना र मागमा आधारीत खर्च गर्ने प्रणालीको अवलम्बन गरेको छ । सबै किसिमका प्रकृयाहरुलाई पारदर्शी रुपमा अम्बलम्बन गर्दै आन्तरीक लेखापरीक्षण लगायतका कार्यहरु गरेको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सन्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# सगरमाथा संवादमा उठाउनैपर्ने सवाल

जेठ २ देखि ४ गतेसम्म काठमाडौंमा सगरमाथा संवादको आयोजना हुँदै छ । जलवायु परिवर्तनको प्रभावबाट मुलुकले भोग्नुपरेका असरबारे विश्वको ध्यानाकर्षण गराउन 'सगरमाथा संवाद'को आयोजना गर्न लागिएको हो । कार्यक्रममा ३५ भन्दा बढी राष्ट्रका विदेशी पाहुनाको सहभागिता हुने सरकारी अधिकारीहरूको भनाइ छ । करिब ३०० भन्दा बढी विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहने बताइएको छ ।

यो संवादमा विशेष महत्त्वका साथ उठाइनुपर्ने कुरा हो हिमालका विषय र प्रकृतिपुजकका कुरा । हिमालदेखि समुद्रसम्म परिरहेका असरहरू दिगो हरित अर्थ व्यवस्था, जलवायु हानिनोक्सानी न्यूनीकरण, जलवायु न्याय र मानवताको भविष्य पनि विशेष जोड दिनुपर्ने कुरा हुन् । नेपालमा पर्यटनको मुख्य आधार नै हिमाल हो । तर जलवायु परिवर्तनका कारण हिमालको हिउँ पग्लिँदा पर्यटन व्यवसायमा असर परिरहेको छ ।

नेपालीहरू परापूर्वकालदेखि हिउँलाई सम्पन्नताको प्रतीक मान्थे । हिउँ पर्दा बालीनाली सप्रन्छ भन्ने विश्वास छ । तर पछिल्लो समय हिउँ घट्दा पर्यावरणीय चक्रमै असर परेको छ । यसमा नेपालले क्षतिपूर्ति कसरी पाउने ? यो विषयमा विशेष आवाज उठाउनैपर्ने देखिन्छ । हुन त यो संवादमा नेपालले विश्वरूपमा स्थापित जलवायु कोषहरू विश्व जलवायु कोष, अनुकूलन कोष, हानिनोक्सानीको क्षतिपूर्ति कोष, विश्व वातावरण कोष, जलवायु लगानी कोषमा पुहँच प्रस्ताव गरिने भनिएको छ ।

हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान नगण्य छ तर वायु प्रदूषणलगायतका विश्वव्यापी संकटले हाम्रोजस्तो अल्पविकसित, हिमाली देश र यहाँका नागरिक आक्रान्त छन् । विकसित राष्ट्रहरू जहाँ ठूलाठूला उद्योगधन्दा, कलकारखाना रहेका छन्, यातायात, खानीहरू अत्यधिक छन्, त्यहाँ जैविक इन्धन, ग्यास तथा कोइलाको दोहन अत्यधिक छ । जसले गर्दा हरितगृह ग्यास उत्सर्जन बढ्दो गतिमा छ । पृथ्वीको तापक्रम बढ्दै छ भने जलवायु परिवर्तन निरन्तर असामान्य हुँदै गइरहेको छ । अझ हिमाली क्षेत्रमा विश्व तापमान वृद्धिको असर बढी पर्दै आएको छ ।

यसैगरी यो संवादमा जलवायु परिवर्तनको असर रोक्न आदिवासी जनजातिको संस्कार संस्कृति प्रवर्द्धनका लागि जोड दिन आग्रह गर्नुपर्छ । आदिवासी जनजातिहरू प्रकृतिका पुजक हुन् । उनीहरू प्रकृति जोगाउन जलवायु पुज्छन् । यस्तो विषयमा लगानी भएमा पर्यवरणीय चक्र जोगिने निश्चित छ । तर पछिल्लो समय आधुनिक शिक्षा र विकासको नाममा यस्ता प्रथाजन्य ज्ञान नासिँदै गएको छ । यसलाई गम्भीर रूपमा लिइनुपर्छ ।

# पाली भाषाको प्राचीनता र व्यापकता



■ मदनरत्न मानन्धर

बुद्धकालीन समयमा वेदको भाषा छन्दस् थियो । चूलवग्गपालिमा भगवान् बुद्धले यमेलु र तेकुल भन्ने दुई दाजुभाइ ब्राह्मण भिक्षुहरूलाई भनेको पाइन्छ, 'बुद्धवचनलाई जसले छन्दस् भाषामा उल्था गर्छ, उसलाई दुष्कृत्य आपत्ति हुन्छ । कि बुद्धवचन आ-आफ्नो भाषामा अध्ययन गर्नका लागि म अनुमति दिन्छु' भनी विनय प्रज्ञप्त गरे । यसरी बुद्धवचनलाई आ-आफ्नो भाषाबाट सिक्न, जान्न स्वतन्त्रता दिएको कुरा स्पष्ट हुन्छ । पाली भाषाको आफ्नो लिपि नभएकाले आ-आफ्नै लिपिमा पाली भाषा सरलरूपमा सिक्न सकिन्छ ।

आजभन्दा २६४८ वर्षअघि (इ.पू. ६२३ मा) नेपालको दक्षिण पश्चिम तराईको लुम्बिनी उपवनमा जन्मिएका राजकुमार सिद्धार्थले ३५ वर्षको उमेरमा बुद्धत्व ज्ञान प्राप्त गरी बुद्ध कहलिए । नेपालको कपिलवस्तुका तत्कालीन राजा शुद्धोदन र महारानी महामायादेवीका ज्येष्ठ सुपुत्र उनले आफूले प्राप्त गरेको बोधिज्ञान (दु:ख मुक्तिको उपाय) लाई आफ्नो शेष जीवनको ४५ वर्षसम्म भूगोलको विभिन्न खण्डमा बाँडे र ८० वर्षको पाको उमेरमा महापरिनिर्वाण (देहावसान) भए । उनको परिनिर्वाणको करिब तीन महिनापछि नै विद्वान शिष्य भिक्षुहरूबाट सम्पूर्ण बुद्धवचनलाई संग्रह गरी त्रिपिटक खडा गरे । बुद्धले ज्ञान बाँड्नमा प्रयोग गरेको भाषा त्यतिबेलाको प्रचलित जनभाषा मागधी भाषा थियो । पछि सो भाषा पाली भाषाबाट चिनियो । यस लेखमा उक्त पाली भाषाको प्राचीनता र व्यापकताका बारेमा प्रकाश पार्न खोजिएको छ ।

नेपालका विभूति, विश्व शान्तिका अग्रनायक, सम्पूर्ण प्राणीहरूको दु:ख मुक्तिका लागि अनवरत प्रयासरत रहेका महाकारुणिक तथागत गौतम बुद्धले बाँडेका करिब ८४ हजार धर्मस्कन्ध (उपदेश वा शिक्षा) को समूह नै त्रिपिटक हुन् । यसलाई सूत्रपिटक, विनयपिटक र अभिधर्मपिटक भनी विभाजन गरिएको छ । सूत्रपिटक अध्ययन गर्न सहजताका लागि यसलाई पनि पाँचवटा निकायमा विभाजन गरिएको छ । ती हुन्- दीघनिकाय, मज्झिमनिकाय, संयुक्तनिकाय, अंगुत्तरनिकाय र खुद्दकनिकाय ।

तीमध्ये खुद्दकनिकायको १५ वटा ग्रन्थमा उल्लिखित धम्मपदको ४२३ वटा गाथा (श्लोक) हरूअन्तर्गत बुद्ध वर्गको १८३ गाथामा भनिएको छ, 'सब्बपापस्स अकरणम्, कुसलस्स उपसम्पदा, सचित्तपरियोदपनम् एतम् बुद्धान सासनम् ॥ अर्थात् सबै प्रकारका पाप कर्म नगर्नू, कुशल कर्म सञ्चय गर्नू, आफ्नो चित्त (मन) लाई शुद्ध गर्नू, यही (सबै) बुद्धहरूको शिक्षा हो ।' यहाँ सबै बुद्धहरूको शिक्षा हो भनिएबाट एकजना बुद्धको मात्र होइन भन्ने कुरा स्पष्ट हुन्छ । लोकमा एकभन्दा बढी बुद्धहरू उत्पन्न भइसक्नुभयो र भविष्यमा पनि अनेक बुद्धहरू उत्पन्न हुने छन् भन्ने जानकारी खुद्दकनिकायको १५ वटा ग्रन्थहरूअन्तर्गत बुद्धवंश पालीमा पाइन्छ । यी सबै बुद्धहरूको शिक्षा एकै हुन्छन् भन्ने आशय माथिको धम्मपद गाथाले दर्शाउँछ ।

बुद्धवंश पालीमा दीपंकर बुद्धदेखि वर्तमान गौतम बुद्धसम्म २५ जना बुद्ध र त्यसभन्दा पहिलेका तीन जना गरी जम्मा २८ जना बुद्धको विवरण उल्लेख भएको छ । एक जना बुद्ध उत्पन्न हुन पनि धेरै कल्प समय लाग्ने कुरा पनि त्यहाँ उल्लेख छ । कल्प भन्नाले अनगिन्ति वर्षहरू हुने गर्दछ । यसरी बुद्धहरूको परम्परा अनन्तकालदेखि चलिआएको देखिन्छ । सबै बुद्धले पालि भाषामै उपदेश वा शिक्षा बाँड्ने भएकोले पालि भाषाको प्रचलन प्राचीनकालदेखि नै रही आएको पाइन्छ । यस अर्थमा पालि भाषा कति पुरानो हो भन्ने अड्कल गर्न सकिन्छ । साथै, यस भाषाको प्राचीनता उजागर हुन आउँछ ।

यसैगरी सूत्रपिटकको तेस्रो ग्रन्थ संयुक्त निकायको महावग्ग, सच्चसंयुक्तमा धम्मचक्कप्पवत्तन सुक्त नामक एक सूत्र उल्लेख छ, जसलाई बुद्धको प्रथम देशनाको रूपमा लिइन्छ । सोही सूत्र विनयपिटकको महावग्ग पाली, महाखन्धकमा धम्मचक्कप्पवत्तन भनी उल्लेख गरिएको पाइन्छ । सो सूत्रअनुसार सिद्धार्थ गौतमले करिब दुई हजार ६१४ वर्ष पहिले वैशाख पूर्णिमाको रात बोधिज्ञान लाभ गरी बुद्ध बने । त्यसको दुई महिनापश्चात् अर्थात् असार पूर्णिमाको दिन वाराणसीको मृगदावनमा पाँच जना शिष्यहरूलाई पालि भाषामा प्रथम धर्मचक्र प्रवर्तन याने कि धर्मको प्रथम देशना गरे । यसमा चार आर्य सत्य, आर्य अष्टांगिक मार्गका कुराहरू प्रमुख रूपमा रहेका छन् । यस सूत्र देशना गर्ने क्रममा बुद्धले 'पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि, ञाणं उदपादि, विज्जा उदपादि, आलोको उदपादि' भनी बडो स्पष्टसँग उद्घोष गरेको पाइन्छ, जसको अर्थ हो 'पहिले नसुनेको धर्ममा चक्षु (आँखा) उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक (प्रकाश) उत्पन्न भयो ।' यी र यस्तै कुरा सुनेर ती पाँच जना शिष्यहरूमध्ये ज्येष्ठ कोण्डिन्यले विरज विमल ज्ञान प्राप्त गरेको कुरा उल्लेख छ ।

उक्त धम्मचक्कप्पवत्तन सुक्तमा उल्लेख भएअनुसार बुद्धको सो उपदेश सकिनासाथ भूमिमा रहेका देवताहरूले अभिनन्दनका साथ बुद्धले धर्मचक्र प्रवर्तन गरेको कुरा उद्घोष गरे । ती देवताहरूको उद्घोष सुनेर चतुर्महाराजिका देवताहरूले पनि सो कुराको उद्घोषण गरे । यसलाई सुनेर त्रायत्रिंश देवताहरूले, यामा देवताहरूले, तुसिता देवताहरूले, निर्माणरति देवताहरूले, परनिर्मित वशवर्ति देवताहरूले र ब्रह्मकायिका देवताहरूले एकैस्वरमा बुद्धले उक्त धर्मचक्र प्रवर्तन गरेको कुराको उद्घोषण गरे भन्ने विवरण उल्लेख भएको छ । यस हिसाबले बुद्धले उपदेशका क्रममा प्रयोग गरेको पाली भाषा विभिन्न प्रकारका र विभिन्न लोकमा रहेका देवतालगायत ब्रह्माहरूले समेत बुझेको भन्ने सुस्पष्ट हुन्छ । यसबाट पालि भाषाको व्यापकता देवलोक ब्रह्मलोकसम्म पनि रहेको छ भन्ने बुझ्न गाह्रो भएन ।

विनयपिटक अ√कथा, चूलवग्ग, खुद्दकवत्थुक्खन्धकमा भनिएको छ, 'सकाय निरुत्तियाति एतथ सका निरुत्ति नाम सम्मासम्बुद्धेन वुत्तप्पकारो मागधिको वोहोरो' अर्थात् सकाय निरुत्ति भनी आफ्नो भाषा सम्यकसम्बुद्धले बोलेको भाषा मागधिक हो भनिएको छ । पदपसिद्धि व्याकरणमा 'सा मागधि मूलभासा, नरा यायादिकप्पिका । ब्रह्मनो चस्सुतालापा, सम्बुद्धा चापि भासरे' अर्थात् उक्त मागधी मूलभाषा, मानिसहरूदेखि लिएर ब्रह्मादेखि लिएर असुर र सम्बुद्धहरूले पनि बोल्ने भाषा भनिएको छ (कुसलञाणी गुरुमां, २०८१) ।

बुद्धकालीन समयमा वेदको भाषा छन्दस् थियो । चूलवग्गपालिमा भगवान् बुद्धले यमेलु र तेकुल भन्ने दुई दाजुभाइ ब्राह्मण भिक्षुहरूलाई भनेको पाइन्छ, 'बुद्धवचनलाई जसले छन्दस् भाषामा उल्था गर्छ, उसलाई दुष्कृत्य आपत्ति हुन्छ । कि बुद्धवचन आ-आफ्नो भाषामा अध्ययन गर्नका लागि म अनुमति दिन्छु' भनी विनय प्रज्ञप्त गरे । यसरी बुद्धवचनलाई आ-आफ्नो भाषाबाट सिक्न, जान्न स्वतन्त्रता दिएको कुरा स्पष्ट हुन्छ । पाली भाषाको आफ्नो लिपि नभएकाले आ-आफ्नै लिपिमा पाली भाषा सरलरूपमा सिक्न सकिन्छ (कुसलञाणी गुरुमां, २०८१) ।

बौद्ध विद्वान भरतसिंह उपाध्यायको कथनअनुसार १९औं शताब्दीमा आएर मागधि भाषालाई पाली भाषा भनी प्रचलनमा ल्याइएको हो । भगवान् बुद्धको वचनलाई सुरक्षित राखेको र पालन गरिएको भाषा भएकोले पाली भाषा भनिएको हो । हाल आएर मागधि भन्ने चलन हराएर मूल त्रिपिटक र अर्थकथा आदि समस्त ग्रन्थलाई नै पाली भाषा भनिएको पाइन्छ । पाली भाषा एक भाषामात्र नभएर बुद्धवचन वा बुद्धशिक्षा भनी मनन् गर्न आवश्यक छ (कुसलञाणी गुरुमां, २०८१) ।

बुद्ध जन्मभूमि देश नेपालका नेपालीहरूले आफ्नै पुर्खाको रूपमा रहेका भगवान् बुद्धद्वारा प्रयोग गरेको पाली भाषाको प्राचीनता र व्यापकताको बारेमा राम्रो जानकारी राखी उनीद्वारा उपदेशित शिक्षालाई शुद्धरूपमा ग्रहण गरी सो अनुरूप आफ्नो र आफूमा आश्रित परिवारजनको स्थायी सुख, शान्ति र उत्तरोत्तर प्रगति गर्नमा विलम्ब नगर्दा अहिले प्राप्त दुर्लभ मनुष्य जीवन सार्थक बनाउन सहयोगी हुन सक्दछ भन्दा अत्युक्ति नहोला । *रासस*

***(लेखक बौद्ध धर्म दर्शनका अध्यता हुन्)***

**श्रम सरोकार**

## निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्राय: काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको टयाग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।




✍ बैकुण्ठ भण्डारी



# दिमागचाहिँ खाली, यिनलाई चाहिने ताली !

डम्बरे काका ताली पाइएन भन्दै रुञ्चे अनुहार लिइरहेका थिए । पटक-पटक संस्थाको अध्यक्षमा बसेका उनले काम पनि खासै गरेका होइनन् । त्यही भएर पनि 'नहुनु मामाभन्दा कानो मामा बेश' भनेजस्तै उनका अनुयायी सदस्यहरूले उनलाई स्वीकार गरिरहेका थिए ।

डम्बरेको डमरू बजेको सुन्ने चाहना कसैका पनि थिएन । सबै आ-आफ्नै काममा भए पनि उनको कुरा नसुनी धरै नपाउने । तर पनि डम्बरे काकाको गफ सुन्न भने निकै लालायित पनि हुन्थे । उनले गफ गर्दा पनि हरेक कुरालाई हास्यको पात्र बनाइदिन्थे त्यही भएर उनको गफ सन्देश लागिभन्दा पनि हाँस्नका लागि निकै नै रमाइलो हुन्थ्यो ।

'सबैका आ-आफ्नै विशेषता हुन्छन् नि' डम्बरे आफैं बखान गर्थे । 'यसरी तपाईंहरूलाई सुनिरहुँ लाग्नेगरी गफ दिनु नै मेरो विशेषता हो । पत्याउने नपत्याउने भन्ने कुरा त तपाईंकै मर्जी ।'

उता चौताराको माहोल अर्कै थियो । पिपलको बोटमुनि बसेर पनि असत्य, अधर्मी कुरा सुन्नुपर्ने । झूठलाई सत्य मानेर ताली ठोकिदिनुपर्ने ! 'दिमागचाहिँ खाली यिनलाई चाहिएको छ ताली' प्रद्युम्नले सँगैका साथीलाई सुनाउँदै थिए ।

प्रद्युम्नको कुरा सुनेर उनीसँगै बसेका बालकृष्ण खित्का छाँडेर हाँसे । उता डम्बरे काकाको भाषण पुराण सुनेजस्तै एकाग्र गरी सुनेर बसेकी ममता भाउजुको एकाग्रता भंग भएछ क्यारे । आँखा तरेर हेर्दै, 'कस्ता होउ तिमेरु बाँदरजस्ता भाको ! यो उमेरमा पनि आफू पनि सुन्नु छैन अरूलाई पनि सुन्न दिनु छैन ।'

डम्बरेले के भन्दै थियो थाहा त थिएन । तर भाउजुको कुराले बालकृष्णले ताली ठोक्यो । बालकृष्णले किन ताली ठोक्यो भन्ने कसैले भेउ नै नपाई त्यहाँ वसेका सबैले तरऽऽरऽ ताली बजाए । ताली सुनेर डम्बरे अझै उत्साहित भयो । उसलाई लागेको थियो- मैले दिएको भाषणमा सबै दंग परे । समर्थनमा ताली बज्यो ।

ऊ अझै हावादारी गफ दिन थाल्यो । लामो भाषण सुनेर दिक्क भइसकेका प्रद्युम्नले फेरि बालकृष्णलाई भने, 'होइन हो भाइ, यसले कति गफ दिएको । हामीलाई यसको बारेमा थाहा नै नभएको जस्तो गरी देको छ देको छ । रिस उठ्न थालिसक्यो । ढुंगा उठाएर पुर्पुरोमा हान्दिउँ जस्तो लागिसक्यो भन्या !'

हैट, प्रद्युम्न दाइ के कुरा गरेको हो तपाईंले ? अब त तपाईं पनि ढुंगा उठाउनु कुरा गर्नु हुन्छ यो उमेरमा आएर ! अब समयले जस्तो माग्यो त्यस्तै गर्नु पर्ने अवस्था आयो त । यो डम्बरेका कुरा कति सालदेखि सुनेको हो केही उपलब्धि छ । तात्तो न छारो कुरा गरेको छ । मानिसलाई बेवकुप बनाउने कामबाहेक केही गरेको होइन ।

उता डम्बरे दाहिने हातको चोरी औंला ठडयाएर चर्किंदै थियो । अब यस्तो हुन्छ । त्यसपछि यस्तो हुन्छ । मानौं कि उसले ज्योतिष शास्त्रको पनि पारंगत प्रमाणपत्र हासिल गरिसकेको छ । कसको प्रभाव परेको हो कुन्नि नेपाली उखान टुक्का पुस्तकमा भएजति सबै टुक्का हान्दै थियो ।

यता प्रद्युम्न उमेरले ६० नाघिसकेका भए पनि जोस भने ४० वर्षकै जस्तो देखिन्थ्यो । होइन हो बालकृष्ण, तिम्रो छेउमा भएको त्यो ढुंगाको टुक्रा देउन मेरो हातले भेटेन । यो बकमफुसे डम्बरेको तालुको टुटुल्को उठ्ने गरी हान्दिन्छु !

ममता भाउजुले यी दुईको कुरा पनि पनि उत्तिकै ध्यान दिँदै थिइन् । हेर हेर यो उमेरमा आएर पनि टुटुल्को उठाउने गरी हान्छु भन्छन् बाई । पापको पोको ! भाउजुले डम्बरेतिर आँखा डुलाउँदै प्रद्युम्नलाई भनिन् । ममता भाउजुको कुराले फेरि बालकृष्ण हाँस्यो । 'होइन हो भाउजु, यस्ताका कुरा सुनेर किन बेकारमा 'प्रेसर हाई' गराउनुहुन्छ । सुन्नुस् उडाइदिनुस् । अब प्रद्युम्नलाई यसका कुरा मन परेन बजाइदिन्छु भने । ठीकै त हो नि ।'

ममता भाउजुले फेरि भनिन्, 'जे भए पनि हामीले मानेका मान्छे हुन्छ, हामीले नै अध्यक्ष बनाएका हौं । बुद्धि नभए पनि दिमाग खाली भए पनि पदको त सम्मान गर्नुपऱ्यो नि । मान्छे मन नपरे उ बेला किन थापाजीको पसलमा चिया हान्दै उसैलाई अध्यक्ष बनाउने कुरा गरेका थियौ त ?

भाउजुको वचन निकै नै रोचक थियो । मन नपर्ने भए पनि किन अध्यक्ष छानेको । कुरा त ठीकै हो नि कि कसो ? ताली ! ताली ! प्रद्युम्नतर्फ हेर्दै बालकृष्णले फेरि ताली बजाए ।

अब ममता भाउजुको कुरामा समर्थन पाएपछि भाउजुले पनि ताली बजाइन् । यी दुईको तालीले सुनेर आएका जति सबैले ताली बजाए । डम्बरे बिचरा फुरुंग । अझ डम्बरेका आसेपासे भिजिलान्तेहरूको त कुरा नै नगरौं एकै छिनका दिमाग खाली भएकाका लागि ताली टरऽरऽर बज्यो ।

चौतारीमा अगाडि बसेकाहरूले ताली बजाएपछि पछाडि बसेकाले त बजाउने नै भए । डम्बरेले भाषण गरिरहँदा अगाडि आफ्नै तालमा ताली बजाउने र उनीहरू पछाडिको केही लाइनमात्र थिए । उनीहरू पनि कुरै नबुझी ताली बजाइरहेको थिए । तर सुरूमा जति गाउँलेहरू थिए । ती सबै विस्तारै-विस्तारै फर्किसकेका थिए । पछाडि बसेका मानिसहरू हिँड्न थालेपछि डम्बरेका अर्का साथी रुद्र रिसले चुर भइसकेको थियो । किनकि उसले भाषण गर्ने मौका नै पाएको थिएन । डम्बरेको लामो भाषणले धेरै मासिनहरू पाखा लागिसकेको थिए । उसको भाषण सुन्ने मानिस नै नहुने भए पनि ऊ रिसाउनु स्वाभाविक पनि थियो । तर डम्बरे भाषणा छाड्ने छाँटकाँट नै देखिएन ।

कालो टोपी कालै चस्मा र कालै कोटमा बसेको रुद्रलाई झ्वाँक चले छ । ऊ सरासर डम्बरेको छेउमा गएर भन्यो- 'होइन हो बज्रस्वाँठ । यहाँ तिमी मात्र बोल्ने हो कि हामीले पनि बोल्ने हो । तिम्रा यस्ता कुराले गर्दा सबै मानिस उठेर हिँडिसके जाऊ गएर बस ।' रुद्रले माइक खोसेर डम्बरेलाई उता धकेली दियो ।

रुद्र पनि उही डचाङको मूला त हो । आफ्नोभन्दा बढी डम्बरेकै कुरा काटेर भाषण गर्न थाल्यो । 'जसको दिमाग छैन उसैले बढी गफ दिन्छ हो ।' अरुले पनि ताली खानुपऱ्यो नि । मान्छे सकिएपछि कसले बजाउँछ ताली हो कि होइन ल भन्नुस्,' उल्टै सोध्यो । रुद्रेको कुरा सुनेर फेरि अगाडि बसेकाले ताली बजाए । यता ताली बजाउने उता भाषण दिने ।

दिमागचाहिँ सबैको खाली अनि फेरि यिनीहरूलाई नै चाहिने ताली । अब त ताली होइन दिनुपर्छ गाली । प्रद्युम्न जुरुक्क उठे अनि बालकृष्णको देब्रे हात तानेर बाटो लागे ।



**साकेला नाच** | उदयपुरको कटारी नगरपालिकास्थित साकेला थानमा उभौली पर्वको अवसरमा साकेला नाच्दै राई समुदायका युवायुवतीहरू । *तस्बिरः ऋषिबहादुर राई/रासस*

# आठ बुँदे घोषणापत्र जारी गर्दै सकियो न्यायिक सम्मेलन

■ **प्रभाव संवाददाता**

**गण्डकी–** गण्डकी प्रदेशभित्रका स्थानीय तहका न्यायिक समितिहरूको दोस्रो न्यायिक सम्मेलन सोमबार सकिएको छ । दुई दिनसम्म बागलुङ बजारमा आयोजित सम्मेलनले आठ बुँदे बागलुङ घोषणापत्र जारी गरेको छ । घोषणापत्रमा न्याय सम्पादनमा एकरूपता ल्याउनेदेखि न्यायिक समितिको संस्थागत विकासमा प्रतिबद्धता जनाइएको छ ।

संविधान र स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्थाअनुसार न्यायिक समितिका कामलाई प्रक्रियागत र विधिसम्मत सञ्चालन गर्नका लागि गण्डकी प्रदेशका ८५ वटै स्थानीय तहका न्यायिक इजलासलाई एकरूपताका साथ सञ्चालन गरिने घोषणापत्रमा उल्लेख छ । गण्डकी प्रदेश सरकारसँगको समन्वयमा साझा कार्यविधि तयार गरी न्यायिक कार्यसम्पादनलाई एकरूपता दिने प्रतिबद्धता सम्मेलनले गरेको बागलुङ नगरपालिकाका उपप्रमुख एवं न्यायिक समितिका संयोजक राजु खड्काले जानकारी दिए ।

दलित, आदिवासी, अल्पसंख्यक, विपन्नलगायत समुदायलाई आर्थिक विकास, उत्पादन र रोजगारीमा जोड्दै सामाजिक न्याय प्रदान गर्ने प्रतिबद्धता गरिएको छ । न्यायिक समितिहरूले हालसम्म गरेका काम र गतिविधि समेटेर न्यायिक प्रोफाइल प्रकाशन गर्ने, न्यायिक समितिको संस्थागत विकास, अन्तरस्थानीय तह अनुभव आदानप्रदान, असल अभ्यासको अनुशरण, आपसी सहयोग र सहकार्यमा जोड दिइएको उपप्रमुख खड्काले बताए ।

स्थानीय तहमा न्यायिक अधिकारको प्रयोग गर्दा प्रचलित ऐन, कानुनले आत्मसात् गरेको मेलमिलापको पद्धतिलाई थप व्यवस्थित र प्रभावकारी बनाई मेलमिलापको माध्यमबाट समाजमा शान्ति कायम गर्ने कार्यमा न्यायिक समितिहरू सधैं तत्पर रहने घोषणापत्रमा उल्लेख गरिएको छ । बागलुङ नगरपालिकाको आयोजनामा भएको उक्त सम्मेलनले हरेक छ महिनाको अन्तरालमा न्यायिक सम्मेलन आयोजना गर्ने निर्णय गरेको छ । आगामी सम्मेलन मुस्ताङको लोमान्थाङ गाउँपालिकामा हुने छ ।

सम्मेलनले बाँकी रहेको स्थानीय तहमा न्यायिक सहजकर्ता नियुक्तिका लागि प्रदेश सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरेको छ । सम्मेलनबाट बागलुङ नगरपालिकाका उपप्रमुख खड्काको नेतृत्वमा ११ सदस्यीय न्यायिक समिति मञ्च गठन गरिएको छ । गण्डकी प्रदेशस्तरीय उक्त मञ्चको सदस्यमा प्रदेशका ११ वटै जिल्लाको प्रतिनिधित्व रहेको छ । सल्लाहकारमा न्यायिक मञ्चका संस्थापक संयोजक गोरखा नगरपालिकाकी उपप्रमुख एवं न्यायिक समितिकी संयोजक मसलीमाया थोकर चयन भएकी छन् ।

न्यायिक समितिको क्षमता विकाससँगै कामकारबाहीको प्रभावकारिता अभिवृद्धि गर्न, न्याय सम्पादनमा एकरूपता ल्याउन, कानुनी संरचनालाई थप व्यवस्थित बनाउने आदि उद्देश्यले न्यायिक सम्मेलनको आयोजना गरिएको थियो । सम्मेलनमा संविधानविद् काशीराज दाहाल, गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा र गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा पौडेलले विषगत प्रस्तुतीसहित सहजीकरण गरेका थिए ।

सम्मेलनमा सहभागीहरूलाई बागलुङको प्रसिद्ध कालिका भगवती मन्दिर, सर्वसिद्धिधाम पञ्चकोट र शालिग्राम संग्रहालयको स्थलगत भ्रमण पनि गराइएको थियो । सम्मेलनस्थलमा स्थानीय संस्कृति झल्काउने नाच तथा गीत प्रस्तुत गरिएको थियो । सम्मेलनमा प्रदेशका ८५ वटै स्थानीय तहका न्यायिक समितिका संयोजक र सदस्यहरूको सहभागिता रहेको थियो ।

# किरात समुदायमा साकेला उभौलीको रौनक

**खोटाङ–** किरात समुदायको प्रमुख चाड साकेला (उभौली) सोमबारदेखि औपचारिकरूपमा सुरू भएको छ । तीन चुल्हा तथा भूमिको पूजा गर्दै 'खेतीपाती सप्रियोस्, रोगव्याधि नलागोस्, प्राकृतिक विपत्ति नपरोस्' भन्ने कामनासहित महिना दिनसम्म साकेला (उभौली) चाड मनाउने चलन छ ।

साकेला उभौलीको अवसरमा किरात समुदायको बसोबास रहेको प्रत्येक गाउँ तथा बस्तीमा युवायुवती, केटाकेटी र बूढापाकाको जमघट तथा ढोल–झ्याम्टासहित साकेला गीत र नाचले गुञ्जयमान बन्ने गरेको छ । माझ किरात भनेर चिनिने खोटाङका किरात बस्ती रहेको हरेक गाउँ तथा बस्तीमा साकेला सिली प्रदर्शन गर्दै शुभकामना आदानप्रदानसहित महिना दिनसम्म साकेला उभौली चाड मनाउने गरिएको छ ।

साकेला उभौली चाड अन्नबाली छर्ने (रोप्ने) बेला अर्थात् वैशाख पूर्णिमादेखि महिना दिनसम्म मनाउने गरिन्छ । साकेला उभौलीको अवसरमा परम्परागत वेषभूषामा सजिएका दाजुभाइ, दिदीबहिनी, बुबाआमा, इष्टमित्र एक ठाउँमा भेला भएर गोलो घेरामा ढोल र झ्याम्टा बजाउँदै साकेला गीत गाएर साकेला सिली नाच्ने गरिन्छ ।

किरात राईहरूको ऐतिहासिक थलो मानिएका जिल्लाका विभिन्न ठाउँमा विधिवत्‌रूपमा पूजाआजा गरिएसँगै यो चाड मनाउने प्रचलन छ । किरात समुदायको हरेक घरमा तीन चुल्हा पुज्नुका साथै साकेला थानमा भूमिको पूजाआजा गरेपछि साकेला गीतको भाका तथा ढोल र झ्याम्टाको तालमा हात र खुट्टाले सिली टिप्दै ठूलो चउरमा गोलो घेरा हालेर साकेला नाचिन्छ ।

किरात समुदायको उद्‌गमस्थल मानिने खोटाङको हलेसी तुवाचुङ नगरपालिकामा अवस्थित तुवाचुङ-जायाजुङ, दिक्तेल रूपाकोट मझुवागी नगरपालिकाको मझुवागढी, रूपाकोट र मेरूङ, जन्तेढुंगा गाउँपालिकाको जन्तेढुंगा र छोड्खालगायत धार्मिक तथा पर्यटकीयस्थलका साथै साकेला थानमा साकेला नाचिन्छ । छिटको गुन्यु मखमलको चोली, पहेँलो पटुकी, खाँडीको दौरासुरूवाल, ढाका टोपीलगायत किराती मौलिक वेषभूषामा ठाँटिएर हरेक किरातीका घरघरमा नाच्दै गाउँदै हर्षोल्लासका साथ मनाइने यो चाडमा किरात समुदाय मात्र नभइ गैरकिरात समुदायका युवायुवतीसमेत औपचारिक तथा अनौपचारिक कार्यक्रममा सहभागी भएर साकेला सिली नाच्ने गर्छन् ।

चराचुरूंगी तथा जीवजन्तुको नक्कल गर्दै ढोल/झ्याम्टाको तालमा सुम्निमा र पारूहाङले सम्पूर्ण सृष्टिजगत्‌को रक्षा गरून् भन्ने कामनासहितका सन्देशमूलक गीत गाउँदै साकेला उधौली-उभौली मनाइन्छ । खुला आकाशमुनि ठूलो मैदानमा गोलो घेरा हालेर संयुक्त रूपमा नाचगान गरी हर्षोल्लासपूर्वक साकेला नाचिन्छ ।

बालकदेखि युवा तथा वृद्धवृद्धासम्म एउटै लहरमा सामूहिकरूपमा नाचिने साकेला नृत्यले आदिवासी जनजाति समुदायको सामूहिक भावना प्रदर्शन गर्छ । हातखुट्टाको चालले पंतिबद्ध रूपमा साकेला सिली नाच्दा प्रस्तुत गर्ने शरीरको हाउभाउ र अभिनयमा खोरिया फाँडेको, अन्नबाली लगाएको, गोडमेल गरेको र बाली उठाएर थन्क्याएको जस्ता कृषि कार्यमा गरिने प्रक्रिया प्रदर्शन गरिन्छ ।

दश स्थानीय तह रहेको खोटाङमा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकामा अवस्थित किरात ऐतिहासिकस्थल मझुवागढीबाट औपचारिकरूपमा सुरूआत गरिने साकेला उभौली चाड महिना दिनपछि दिक्तेलको माटीकोरे खेलमैदानमा सिली प्रदर्शनी तथा शुभकामना आदानप्रदान गर्दै समापन गर्ने चलन छ । समापनको अवसरमा जिल्लास्थित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, जनप्रतिनिधि, कार्यालय प्रमुख तथा सुरक्षा निकायका प्रमुख, विभिन्न जातीय संघ संस्थाका प्रतिनिधिलगायतलाई सहभागी गराएर सामूहिकरूपमा साकेला सिली नाच्न लगाउने गरिन्छ ।



साकेला चाडले जातीय, धार्मिक तथा सांस्कृतिक सद्भावका साथै आपसी मेलमिलाप कायम गर्दै द्वन्द्वलाई निरूत्साहित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने किरात राई यायोख्खा खोटाङका अध्यक्ष युगशन किरातले बताए । 'साकेलामा विशेषगरी प्रकृति र पितृको पूजा गर्दै आपसमा शुभकामना आदानप्रदान गर्ने गरिन्छ । वर्षमा दुईपटक मनाइने साकेला चाडले किरात र गैरकिरातबीच आपसी सद्भाव र बन्धुत्वसमेत कायम गर्न सघाउ पुर्‍याउँछ,' उनले भने, 'साकेला चाड अन्नबाली छर्ने बेला अर्थात् वैशाख पूर्णिमा र उठाउने बेला मंसिरे पूर्णिमाको अवसर पारेर वर्षमा दुईपटक मनाउने चलन छ । यसले पराइघर गएका छोरीचेली र बाउमाइती भेटेर दुःख/सुखको कुराकानी गर्ने वातावरणसमेत सिर्जना गर्छ । साकेला उभौली-उधौली चाडलाई किरात समुदायले परापूर्वकालदेखि नै निक्कै महत्त्वका साथ मनाउने गरेका छन् ।'

साकेला उभौली चाड पूर्वी नेपालको खोटाङ, भोजपुर, धनकुटा, उदयपुर, ओखलढुंगा, सोलुखुम्बु, संखुवासभा, सुनसरी, इलाम, पाँचथर, झापा, मोरङलगायत किरात समुदायको बसोबास रहेको ठाउँ तथा जिल्लामा साकेला नाच नाच्दै धुमधामकासाथ मनाउने गरिएको छ । साकेला उधौली तथा उभौली चाडलाई किरात राई, लिम्बू, याख्खा र सुनुवार समुदायले मुख्य चाडका रूपमा मान्ने गरेका छन् । *रासस*

# बेवारिसे सवारीसाधन हटाउँदै वीरगञ्ज महानगर

**पर्सा (प्रस)–** वीरगञ्ज महानगरले सार्वजनिक स्थानमा असरल्ल राखिएका बेवारिसे सवारीसाधन तथा उपकरण हटाउन अभियान थालेको छ । महानगरले सडक, फुटपाथ, अन्य सार्वजनिक स्थानलाई स्वच्छ र हराभरा बनाउन सडकमा बेवारिसे अवस्थामा रहेका सवारीसाधनको व्यवस्थापन गर्न लागेको हो ।

महानगरले सोमबार वडा नं. २२ जगरनाथपुरमा सडकको फुटपाथमा झण्डै दुई वर्षदेखि बेवारिसे राखिएको पुरानो रोलर मेसिन हटाएको छ । नगर प्रहरी र सरसफाइ शाखाको टोलीले दुई क्रेनको सहायताले रोलर हटाइएको नगर प्रहरी इञ्चार्ज हरि भुसालले जानकारी दिए ।

महानगरले बसपार्क क्षेत्रमा सञ्चालनमा नआएको एक बस र एक ट्रकलाई पनि हटाएको छ । ती दुवै सवारीसाधनलाई डम्पिङ साइटमा पुर्‍याइएको छ । महानगरले गत बुधबार पनि वीरगञ्ज बसपार्क क्षेत्रमा दुई बेवारिसे बस हटाएको थियो । वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले महानगरले पटक-पटक सार्वजनिक सूचना जारी गरेर हटाउन आह्वान गर्दा पनि नहटाएपछि महानगर आफैंले हटाउने अभियान थालेको बताए ।

महानगरले सडक, फुटपाथ, चोक, उद्यान, बसपार्क र अन्य सार्वजनिक स्थानमा अव्यवस्थित रूपमा राखिएका वा प्रयोगमा नरहेका सवारीसाधन तथा संरचनाले नगरको सौन्दर्य र नागरिक आवागमनमा बाधा पुगेका कारण ती सवारीसाधन हटाउने कार्य अघि बढाएको हो ।

प्रमुख सिंहले वीरगञ्जलाई सफा, सुरक्षित, सुन्दर र आधुनिक सहरका रूपमा रूपान्तरण गर्ने अभियान थालेको हो । 'सहर हामी सबैको साझा घर हो ।


**शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारीको अवसरमा**

कम्पनी : AL HUSSEIN FOR RECRUITING DOMESTIC WORKERS

पूर्व स्वीकृति मिति : २०८२/०१/२८ | LT. No. 320694 | चलानी नं. ६०२३७५९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब JOD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 20 | 300 | ५७,३७६ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Domestic Worker (Experienced) | 0 | 25 | 350 | ६६,९३८ | | | | | | | |
| 3. | Domestic Worker (Experienced) | 5 | 0 | 400 | ७६,५०१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८२ जेठ ६ गते (20th May 2025) मा हुनेछ ।

नोट : भाषा तथा घरायसी काम सम्बन्धी १ (एक) महिने तालिम अनिवार्य लिनुपर्नेछ । खाना, बस्नसहित तालिम निःशुल्क हुने र शुन्य लागत (Zero Cost) मा जान पाइने ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०७/०५९/६०

BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906
Email: service.bhairabintl@gmail.com



## बेलबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ

**विद्युतीय माध्यमबाट दरभाउपत्र आव्हानको सूचना !**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०१/३० गते**

आ.व.२०८१/८२ मा बेलबारी नगरपालिकाको कार्यालयको तपसिल बमोजिमका कार्य विद्युतीय बोलपत्र माध्यमबाट गराउनु पर्ने भएकाले इजाजत प्राप्त व्यवसायीबाट रीतपूर्वक दरभाउपत्र आह्वान गरिएको छ । विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website https:\\www.bolpatra.gov.np/egp/ मा हेर्नु हुन समेत सूचित गरिन्छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | दरभाउपत्रको नाम | फारम दस्तुर शुल्क (रु) | जमानत रकम (रु) | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | BM/MOR/ SQ-G-04-2081-082 | Supply and Delivery of Sanitary Pads | १,०००/- | ४८,८००/- | २०८२ जेठ १४ गते दिनको १२:०० बजे सम्म | २०८२ जेठ १४ गते दिनको २:०० बजे |
| २. | BM/MOR/SQ/ G-03-2081-082 | Supply and Delivery of portable ultrasound machine | १,०००/- | ४६,१००/- | २०८२ जेठ १४ गते दिनको १२:०० बजे सम्म | २०८२ जेठ १४ गते दिनको २:०० बजे |

**नोट** : (१) मिति २०८२/०३/२० गते सम्म अनिवार्य रूपमा कार्य सम्पन्न गर्नु पर्नेछ ।
(२) आंशिक वा पूर्ण रूपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार नगरपालिकामा हुनेछ । अन्य विषय सम्बद्ध कानुन बमोजिम हुनेछ ।
(३) सूचनामा उल्लेखित शर्तहरूको थप प्रष्टीकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरू सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ साथै प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**युएइमा रोजगार**

कम्पनी : Qalaat Maliha Plaster & Tiles Cont

पूर्व स्वीकृति मिति : २०८१/१२/२७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०१/२९ | LT. No. 321814 | चलानी नं. ६०२३५९१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stone / Brick Assistant | 10 | 0 | 1200 | ४४,५७४ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Tile Layer | 10 | 0 | 1200 | ४४,५७४ | | | | | | | |

कम्पनी : Luluat Al Jareena Paints Cont

पूर्व स्वीकृति मिति : २०८१/१२/२६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०१/२९ | LT. No. 321603 | चलानी नं. ६०२३५७९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Archiving | 2 | 0 | 1200 | ४४,५७४ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | BLDG Painter | 4 | 0 | 1200 | ४४,५७४ | | | | | | | |
| 3 | Building Painter Assistant | 1 | 0 | 1200 | ४४,५७४ | | | | | | | |
| 4 | Painter Assistant | 2 | 0 | 1200 | ४४,५७४ | | | | | | | |
| 5 | Sales/follow Up Clerk | 2 | 0 | 1200 | ४४,५७४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः बुटवल मल्टिपल ट्रेनिङ सेन्टरमा मितिः २०८२ जेठ २ र ३ गते (16 & 17th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९७५/०६७/०६८

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com

प्रभाव दैनिक

रूपशाला



## अभिनेत्री पौडेलले अमेरिकामा गरिन् विवाह

लामो समयदेखि अमेरिका बस्दै आएकी अभिनेत्री उषा पौडेलले विवाह गरेकी छन्। उनले राहुल केसीसँग आइतबार विवाह गरेकी हुन् । उनले गत वैशाख १५ मा राहुल केसीसँग कोर्ट म्यारिज गरेकी थिइन् । अहिले नेपाली परम्परा अनुसार लगनगाँठो कसेकी हुन् । उनको विवाहमा अमेरिका बस्ने कलाकर्मी सहभागी थिए । उषा पछिल्लो समय अमेरिका बस्दै आएकी छन् । उषाजस्तै राहुल पनि अमेरिका नै बस्दै आएका छन् । उनी नेपाली सिने क्षेत्रका एक समयका कलाकार तथा मोडल हुन् ।

मंगलबार, ३० वैशाख, २०८२ (Tuesday, May 13, 2025)

# एउटै स्टेजमा छानिए चार विजेता



■ प्रभाव संवाददाता

**काठमाडौं–** एउटै स्टेजमा ४ विजेता छानिएका छन् । १४औं 'लिटिल प्रिन्स एन्ड प्रिन्सेस इन्टरनेशनल २०२५'मा सिनियर र जुनियर केटा र केटी गरेर ४ विजेता छानिएका हुन् । प्रतियोगीतामा जुनियर ब्वाइज एरोस कर्माचार्य, जुनियर गर्ल एरिका गुप्ताले शिर्ष उपाधि जित्दा सिनियर ब्वाईजतर्फ तासी नुर्वु शेर्पा र सिनियर गर्लमा प्रयुषा ढकाल शिर्ष विजेता बने ।

जमलस्थित राष्ट्रिय नाचघरमा शनिवार अबेर साँझ सम्पन्न प्रतियोगीतामा जुनियर ब्वाइजतर्फ विपार्थ थापा फस्ट रनर अप, रिदयम थापा सेकेन्ड रनर अप बन्दा सिनियर ब्वाईतर्फ दक्ष तनवर फस्ट रनर अप र आदी चौधरी सेकेन्ड रनर अप भए ।

त्यस्तै प्रतियोगीतामा सिनियर गर्ल तर्फ वियन्सा गुप्ता फष्ट रनर अफ, जयना थापा सेकेन्ड रनर अप, भियना पौडेल थर्ड रनर अप र देवान्सी आर एल शाह फोर्थ रनर अप चुनिदा जुनयर गर्ल तर्फ सुहानी श्रेष्ठ फष्टरनर अप, निरोसा प्रधान सेकेन्ड रनरअप, सर्हषा टंडन थर्ड रनर अप र श्रीनिती पराजुली फोर्थ रनर अफ बन्न सफल भए ।

विभिन्न तामझामसहित आयोजित कार्यक्रम बालबालिकाको प्रतिभा निखार्दै उनीहरूलाई भविष्य निर्माणमा सक्षम बनाउने उद्देश्यले आयोजना गरिएको आयोजक रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीका प्रबन्ध निर्देशक, अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजुले बताए । फैजु डेढ दशकदेखि गुणस्तरीय राष्ट्रिय तथा अन्तर ाष्ट्रिय सौन्दर्य प्रतियोगिता आयोजना गर्दै आएका छन् । जुनियरमा २९, सिनियरमा २३ गरेर ५२ केटाकेटी प्रतियोगीताको फाइलनमा रहेका थिए ।

नीलिमा मास्के श्रेष्ठ (संस्थापक/निर्देशक-ब्यूटिफुल माइन्ड्स प्रि स्कूल), मनिषा मुखिया (ईसीए र अंग्रेजी विभाग हेड ड्याफोडिल बोर्डिङ स्कूल), नैना चन्द ( प्राइमरी स्कुल कोअडिनेटर -काठमाडौं वर्ल्ड स्कूल) अदिता मल्ल - एसोसिएट अफिसर, डिजिटल मार्केटिङ र कन्टेन्ट क्रिएसन (एस स्कूल), आशिष थापा (चिफ अपरेसन अफिसरन -जेभियर इन्टरनेशनल स्कूल) शिरीष रत्न तुलाधर (ब्रान्डिङ र पार्टनरशिप हेड (सीजी लर्निङ), सन्तोष चापागाईं (ईसीए कोअडिनेटर -भ्याली भ्यू स्कूल), सम्झना ढकाल शर्मा (डिपार्टमेन्ट हेड सोशियल साइन्स -मिल्सबेरी स्कूल) लगायत निर्णायक प्रतियोगितामा रहेका थिए ।

७ वर्षदेखि १३ वर्षसम्मका विद्यालय अध्ययनरत बालबालिकाको सहभागिता रहेको प्रतियोगीको कोरियोग्राफी अन्तर ाष्ट्रिय फेसन कोच राज फैजु आफैंले गरेका थिए भने ड्रेस डिजाइन श्रीषा बैदारले गरेकी थिइन् । एडभान्स ओरल डेन्टल हस्पितल मुख्य प्रयोजक रहेको प्रतियोगीताका सबै विजेताले उपाधिको साथमा बिभिन्न नगद। गिफ्ट र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी अवसर प्राप्त गरेका छन् । प्रतियोगीतामा गिफ्टको ब्यवस्था रियल जुस, हर्लिक र डाइसुकेले प्रायोजना गरेको थियो ।

# विराट कोहलीले लिए टेस्ट क्रिकेटबाट सन्यास

■ प्रभाव संवाददाता

**काठमाडौं–** विराट कोहलीले टेस्ट क्रिकेटबाट सन्यास लिएका छन् । कोहलीले सोमबार इन्स्टाग्राममा लेखेका छन्- टेस्ट क्रिकेटले मलाई परिक्षण गरयो, मलाई आकार दियो, मलाई पाठ सिकायो जुन म जीवनभर सम्झिरहनेछु ।


खासमा कोहलीले मे १० मा बीसीसीआईलाई टेस्ट क्रिकेटबाट सन्यास लिन चाहेको बताएका थिए । बोर्डले कोहलीलाई आफ्नो निर्णयमा पुनर्विचार गर्न आग्रह गरेको थियो । मे ११ मा बोर्डका एक अधिकारीले पनि उनीसँग कुरा गरेका थिए ।

डिसेम्बर-जनवरीमा अस्ट्रेलियामा भएको बोर्डर-गावस्कर सिरिजमा विराटको प्रदर्शन राम्रो थिएन । उनले यस सिरिजमा २३.७५ को औसतमा रन बनाए । र ८ मध्ये ७ पटक उनी अफ स्टम्प बाहिरको बलमा आउट भएका थिए । कोहलीले बीजीटीमा ९ इनिङ्समा १९० रन बनाएका थिए । जसमा एक शतक पनि समावेश थियो ।

विराट कोहलीले १२३ टेस्ट खेलेका छन् । उनले ३० शतक र ३१ अर्धशतक प्रहार गरेका छन् । विराटले ७ दोहोरो शतक प्रहार गरेका छन् । उनी २०१७ र २०१८ मा 'टेस्ट प्लेयर अफ द इयर' चुनिएका थिए ।

विराटले इन्स्ट्राग्राममा लेखेका छन्, 'मैले १४ वर्षअघि टेष्ट क्रिकेटमा पहिलो पटक ब्यागी नीलो जर्सी लगाएको थिएँ । इमानदारीपूर्वक, मैले यो ढाँचाले मलाई यस्तो यात्रामा लैजान्छ भन्ने सोचेको थिएन । यसले मलाई परिक्षण गर्यो, मलाई आकार दियो, र मलाई पाठ सिकायो म मेरो जीवनभर मसँग बोक्नेछु ।

सेतो जर्सीमा खेल्नु मेरो लागि धेरै विशेष र व्यक्तिगत अनुभव हो । कडा परिश्रम, लामो दिनहरू, साना पलहरू जुन कसैले देख्दैनन्, तर तिनीहरू सधैंभरि तपाईंसँग रहन्छन् । यो ढाँचाबाट टाढा जाँदा यो सजिलो हुने छैन तर यो अहिलेको लागि सही महसुस गर्दछु । मैले यो मेरो सबै दिएँ र यसले मलाई सोचेभन्दा बढी दिएको छ । म खेलप्रति आभारी छु, मैदानमा भएका




मानिसहरू र मलाई यो यात्रामा अगाडि बढाउने सबैलाई । म सधैं मुस्कानका साथ मेरो टेस्ट करियरमा फर्केर हेर्नेछु ।'

उनले आफ्नो जर्सी नम्बर '२६९' लेखेर 'साइनिङ अफ' लेखेका छन् ।

उता, बीसीसीआईले पनि विराट कोहलीलाई धन्यवाद दिएको छ । बोर्डले लेख्यो - टेष्ट क्रिकेटमा एक युगको अन्त्य भएको छ तर विरासत जारी रहनेछ । उनले टीम इण्डियामा दिएको योगदान सधैं सम्झिरहनेछ ।'

# डिएभी च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** डिएभी सुशील केडिया विश्व भारती स्कुल 'ए' जयकुमारनाथ शाह मेमोरियल यु-१६ ट्वान्टी-२० अन्तरविद्यालय क्रिकेट प्रतियोगिताको च्याम्पियन बनेको छ ।

सोमबार मुलपानी क्रिकेट मैदान (तल्लो) मा सम्पन्न फाइनलमा डिएभीले गेटवे एकेडेमीविरुद्ध सात विकेटको सहज जित दर्ता गऱ्यो ।


गेटवेले प्रस्तुत गरेको ७३ रनको लक्ष्य डिएभीले १६.४ ओभरमा तीन विकेट गुमाउँदै पूरा गर्यो । डिएभीका लागि कप्तान प्रसिद्ध जैसीले अविजित ३५ र मायंककुमार साहले १६ रन बनाए । गेटवेका लागि उज्वल गुप्ताले दुई र साइमन पटेलले एक विकेट लिए ।




त्यसअघि टस जितेर ब्याटिङ रोजेको गेटवेले १९.३ ओभरमा सबै विकेट गुमाउँदै ७२ रनको योगफल तयार पारेको थियो ।

गेटवेका लागि मुर्शिद इक्बालले १५ र कप्तान सबिर अन्सारीले ११ रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । डिएभीका लागि कमल शाहीले चार, कप्तान प्रसिद्ध जैसीले तीन र केशव अग्रवालले दुई विकेट लिए ।

# ब्राजिलको प्रशिक्षकमा कार्लो



**काठमाडौं (प्रस)–** ब्राजिल फुटबल टोलीको मुख्य प्रशिक्षकमा कार्लो एन्सेलोट्टी नियुक्त भएका छन् ।

ब्राजिल फुटबल महासंघ (सिबिएफ) ले रियल मड्रिडका प्रशिक्षक कार्लोसँग सोमबार सन् २०२६ को विश्वकपलाई लक्षित गर्दै सम्झौता गरेको हो । योसँगै ६५ वर्षीय कार्लो सन् १९२० यता ब्राजिलको राष्ट्रिय टोलीको पूर्णकालीन जिम्मेवारी सम्हाल्ने पहिलो विदेशी प्रशिक्षक बनेका छन् । हालसम्म उनी रियलसँग सम्झौतामा छन् । स्पेनी ला लिगाको अन्तिम चरण मे २५ मा सकिनेछ र त्यसको भोलिपल्ट उनी ब्राजिलको प्रशिक्षकको रूपमा आधिकारिक रूपमा कार्यभार सम्हाल्नेछन् ।

'कार्लोलाई ब्राजिलको प्रशिक्षक बनाउनु रणनीतिक कदम मात्र होइन, यो हामी विश्व फुटबलको सर्वोच्च स्थान फर्काउन दृढ छौं भन्ने सन्देश हो,' ब्राजिल फुटबल महासंघका अध्यक्ष एडनाल्डो रोड्रिग्सले भने ।

उनले थपे,'उनी इतिहासकै सबैभन्दा महान् प्रशिक्षक हुन् । अब उनी संसारकै सबैभन्दा प्रतिष्ठित राष्ट्रिय टोलीसँग रहनेछन् । हामी ब्राजिलियन फुटबलका नयाँ सुनौला अध्याय लेख्नेछौं ।'रोड्रिग्सका अनुसार कार्लोले दक्षिण अमेरिकी विश्वकप छनोटका ब्राजिलका आगामी दुई खेलमा टोली सम्हाल्नेछन् । उनको डेब्यु खेल जुन ५ मा इक्वेडरविरुद्ध हुनेछ । त्यसको पाँच दिनपछि साओ पाउलोमा घरेलु दर्शकअगाडि पाराग्वेविरुद्ध दोस्रो खेल हुनेछ ।


**Pakaha Mainpur Rural Municipality**

**Office of the Rural Municipal Executive**

Pakaha Mainpur, Parsa

Madhesh Province, Nepal

## NOTICE OF INVITATION FOR BIDS

**First Date of Publication: 13th May 2025**

1. Pakaha Mainpur Rural Municipality invites **electronic bids** from eligible Nepalese bidders for the following works:

| S.N. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Estimated Amount (Without VAT) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 02/PMRM/PAR/ W/2081/082 | Construction of administrative building in Pakahamainpur Rural Muncipality, ward no:-03, Parsa | 3,000.00 | 4,351,825.68 | 90 days | 123,000 / 120 days |
| **Deadline for Bid Submission:** | | | 12th June 2025 till 12:00 Noon | | | |
| **Date, Time and Place of Bid Opening:** | | | 12th June 2025 at 2:00 PM at Pakaha Mainpur Rural Municipality, Pakaha Mainpur, Parsa | | | |
| **Account Number for Bid Document Purchase:** | | | Name of Bank: Himalayan Bank Ltd.<br>Name of Office: Pakaha Mainpur Rural Municipality, Pakaha Mainpur, Parsa<br>Office Account no.: 26752840670098 | | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Pakaha Mainpur Rural Municipality, Pakaha Mainpur, Parsa or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

**Chief Administrative Officer**



इण्डोनेसियाको मध्य जाभास्थित मागेलाङमा भेसाक दिवसका अवसरमा आयोजित परम्परागत जीवनमुक्ति अनुष्ठानको एक भागको रूपमा परेवा उडाउँदै बौद्धभक्तहरू । *तस्बिरः एएफपी*

# भारत–पाकिस्तान युद्धविरामपछि सीमा शान्त



**पुँच (भारत)–** अप्रत्यासितरूपमा शनिबार सहमति भएको युद्धविरामपछि दुई परस्पर प्रतिद्वन्द्वी भारत र पाकिस्तानबीचको सीमा शान्त भएको र 'हालका दिनहरूमा पहिलो शान्त रात' भएको भारतीय सेनाले सोमबार जनाएको छ ।

यो युद्धविराम दुई देशबीच चार दिनसम्म चलेको क्षेप्यास्त्र, ड्रोन र तोपखाना आक्रमणहरूपछि सहमति भएको थियो । आक्रमणमा कम्तीमा ६० जनाको मृत्यु भएको थियो भने हजारौं मानिस भाग्न बाध्य भएका थिए । यो सन् १९९९ मा आणविक-सशस्त्र प्रतिद्वन्द्वीहरूको अन्तिम खुला द्वन्द्वपछिको सबैभन्दा खराब हिंसा थियो र यसले पूर्णरूपमा युद्धमा परिणत हुनसक्ने विश्वव्यापी आशंका उत्पन्न गरेको थियो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमा अप्रत्यासितरूपमा युद्धविरामको घोषणा गरेको केही घण्टापछि नै दुवै पक्षले एक-अर्कालाई युद्धविराम उल्लंघन गरेको आरोप लगाएपछि सुरुमा शंकाहरू उत्पन्न भएका थिए । 'कश्मीर र अन्तर्राष्ट्रिय सीमासँगका अन्य क्षेत्रमा रात धेरै हदसम्म शान्तिपूर्ण रह्यो,' भारतीय सेनाले भनेको छ, 'हालैका दिनहरूमा पहिलो शान्त रातलाई संकेत गर्दै कुनै घटना रिपोर्ट गरिएको छैन ।'

भारतद्वारा प्रशासित विभाजित कश्मीरको सीमावर्ती सहर पुँचमा बन्दुकको गोली वा गोलाबारीविनाको यो लगातार दोस्रो रात पनि थियो । पछिल्लो द्वन्द्वमा पुँच सबैभन्दा बढी प्रभावित क्षेत्रहरूमध्ये एक थियो । यहाँ कम्तीमा १२ जना बासिन्दा मारिएका थिए भने अनुमानित ६० हजार बासिन्दामध्ये अधिकांश आफ्नो घर छाड्न बाध्य भएका थिए ।

आइतबार मानिसहरू सहरमा फर्कन थालेका थिए । यद्यपि धेरैजसोलाई अझै पनि युद्धविराम धेरै समय टिक्ने छैन भन्ने चिन्ता थियो । बुधबार बिहानै भारतले कश्मीरको पाकिस्तानी भागमा रहेको 'आतंकवादी शिविरहरू' लाई ध्वस्त पार्दै क्षेप्यास्त्र आक्रमण गरेपछि समग्र द्वन्द्वतर्फ खतरनाक लहर सुरु भएको थियो ।

यो अप्रिल २२ मा भारत प्रशासित कश्मीरमा पर्यटकहरूमाथि भएको आक्रमणपछि भएको थियो, जसमा २६ जना सर्वसाधारणको मृत्यु भएको थियो । भारतले पाकिस्तानलाई आक्रमणको समर्थन गरेको आरोप लगाएको थियो तर इस्लामाबादले संलग्नता अस्वीकार गर्दै तुरुन्तै भारी गोलाबारीका साथ आक्रमणको जवाफ दिएको थियो ।

पाकिस्तानले पाँच भारतीय लडाकू विमान खसालेको दाबी गरेको छ । नयाँदिल्लीले यसबारे कुनै टिप्पणी गरेको छैन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको हिन्दू राष्ट्रवादी सरकारले यस क्षेत्रको सीमित स्वायत्तता खारेज गरी नयाँदिल्लीबाट प्रत्यक्ष शासनमा लिएपछि सन् २०१९ देखि आतंकवादीहरूले कश्मीरमा कारबाही बढाएका छन् ।

सन् १९४७ मा बेलायतबाट स्वतन्त्र भएदेखि विभाजित मुश्लिम बहुल कश्मीरलाई लिएर धेरै युद्धहरू लडेका दुवै देशले कश्मीरलाई पूर्णरूपमा दाबी गरेका छन् । *रासस/एएफपी*

## भारतले खोल्यो सबै विमानस्थल

**नयाँदिल्ली–** सन् १९९९ पछि छिमेकी पाकिस्तानसँगको सबैभन्दा खराब लडाइँको अन्त्य भएको सप्ताहन्तको युद्धविरामपछि भारतले सोमबार ३२ वटा विमानस्थल पुनः खोलेको छ । भारतीय विमानस्थल प्राधिकरणका अनुसार भारत प्रशासित कश्मीरको श्रीनगरदेखि पश्चिमी राज्य गुजरातको भुजसम्मका ३२ विमानस्थल अब 'तत्काल प्रभावबाट' नागरिक सञ्चालनका लागि उपलब्ध छन् ।

भारत र पाकिस्तानबीच चार दिनसम्म भीषण लडाइँ सुरु भएपछि गत हप्ता ती विमानस्थल बन्द गरिएका थिए । विमानस्थल बन्द गरि एसँगै दुई मुलुकबीचको लडाइँ पूर्णयुद्धमा विकसित हुनसक्ने विश्वव्यापी चिन्ता सिर्जना गरेको थियो । प्रमुख भारतीय एयरलाइन्स इण्डिगोले 'पहिले बन्द गरिएका मार्गहरूमा क्रमशः सञ्चालन सुरु गर्ने' बताएको छ ।

युद्धविरामको घोषणा शनिबार गरिएको थियो, तर दुवै पक्षले तुरुन्तै एक अर्कामाथि यसको उल्लंघन गरेको आरोप लगाएका थिए । यद्यपि भारत र पाकिस्तान दुवैले सोमबार सीमावर्ती क्षेत्रहरू शान्त रहेको बताएका छन् । *रासस/एएफपी*

# अमेरिका र चीनबीच ११५ प्रतिशत कर कटौती गर्ने सहमति

**जेनेभा–** संयुक्त राज्य अमेरिका र चीनले सोमबार ९० दिनका लागि करको जवाफ कर भन्ने (टिट् फर टचाट) कर नीतिमा भारी कटौती गर्ने सम्झौताको घोषणा गरेका छन् । दुई प्रमुख ठूला अर्थतन्त्रबीचको व्यापार युद्धका कारण विश्वको वित्तीय बजारलाई तहसनहस पारेको छ ।

सहमतिले विश्वव्यापी आर्थिक मन्दीको डर बढाएको व्यापार युद्धलाई कम गर्ने अपेक्षा गरिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वव्यापी कर वृद्धिको घोषणा गरेपछि शनिबार र आइतबार भएको पहिलो वार्तापछि विश्वका दुई ठूला अर्थतन्त्रले संयुक्त वक्तव्य जारी गर्दै तीन अंकको करलाई दुई अंकमा झार्ने र वार्तालाई निरन्तरता दिने सहमति गरेका छन् ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले चीनका उपप्रधानमन्त्री हे लिफेङ र अन्तर्राष्ट्रिय व्यापार प्रतिनिधि ली चेङगाङसँग सप्ताहान्तमा भएको वार्ता 'स्वस्थ' र 'फलदायी' भएको बताएका छन् । 'दुवै पक्षले ठूलो सम्मान देखाएका छन्,' बेसेन्टले सञ्चारकर्मीसँग भने ।



अमेरिकी राष्ट्रपति ट्रम्पले गत महिना चीनका लागि आयातमा १४५ प्रतिशत कर लगाएका थिए भने अन्य मुलुकका लागि १० प्रतिशत कर लागू भएको घोषणा गरेका थिए । बदलामा बेइजिङले अमेरिकी सामानमा १२५ प्रतिशत कर लगाएको छ ।

बेसेन्टका अनुसार दुवै पक्षले ती शुल्कहरू ११५ प्रतिशत बिन्दुले घटाउन सहमत भएका छन् । यसको अर्थ अमेरिकामा आयात हुने चिनियाँ सामानमाथि ३० प्रतिशत कर लाग्ने र चीन आयात हुने अमेरिकी सामानमा १० प्रतिशत कर लगाइने छ ।

वक्तव्यमा दुवै पक्षले आर्थिक र व्यापारिक सम्बन्धका बारेमा छलफल जारी राख्ने संयन्त्र स्थापना गर्न सहमति जनाएका छन् । चीनले वार्तामा 'उल्लेखनीय प्रगति'को भन्दै प्रशंसा गरेको छ । 'यो कदम दुई देश र विश्वको साझा हितमा छ,' चिनियाँ वाणिज्य मन्त्रालयले भनेको छ, 'अमेरिकाले चीनसँग मिलेर एकतर्फी शुल्क वृद्धिको गलत अभ्यासलाई सच्याउन काम गरिरहने छ ।'

गत अप्रिलमा अमेरिकी राष्ट्रपति ट्रम्पले कर आक्रमण सुरू गरेपछि ओरालो लागेको अमेरिकी डलरको भाउ अमेरिकी सेयरबजारको भविष्य उज्ज्वल भएको अमेरिकी सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । सहमतिले युरोपेली र एसियाली बजारमा पनि उछाल आएको छ ।

वासिङ्टन र बेइजिङबीचको व्यापार विवादले वित्तीय बजारलाई निराश बनाएको थियो र नयाँ करले मुद्रास्फीतिलाई पुनर्जीवित गर्ने र विश्वव्यापी आर्थिक मन्दी निम्त्याउने डर बढाएको थियो ।

### 'भविष्यका लागि राम्रो संकेत'

विश्व व्यापार संगठनका प्रमुख नगोजी ओकोञ्जो-इवेलाले आइतबार भएको वार्तालाई 'महत्त्वपूर्ण कदम' भन्दै प्रशंसा गरेका छन् । 'वर्तमान विश्वव्यापी तनावका बीच यो प्रगति अमेरिका र चीनका लागिमात्र नभई बाँकी विश्वका लागि पनि महत्त्वपूर्ण छ । यसले सबैभन्दा कमजोर अर्थ व्यवस्थाहरूको चासोलाई पनि सम्बोधन गरेको छ,' उनले भने ।

जेनेभास्थित संयुक्त राष्ट्रसंघका लागि स्विट्जरल्याण्डका राजदूतको निवासमा भएको बैठकअघि ट्रम्पले सामाजिक सञ्जालमा 'चीनमाथि ८० प्रतिशत कर लगाउनु ठीक देखिन्छ' भन्ने सुझाव दिँदै कर घटाउनसक्ने संकेत दिएका थिए । ह्वाइट हाउसकी प्रेससचिव कारोलिन लेभिटले पछि अमेरिकाले एकतर्फी रूपमा कर नघटाउने स्पष्ट पार्दै चीनले पनि सहुलियत दिनुपर्ने बताएका थिइन् । *रासस/एएफपी*

# छत्तीसगढमा सडक दुर्घटना, १३ जनाको मृत्यु

**नयाँदिल्ली–** भारतको मध्यक्षेत्रमा अवस्थित छत्तीसगढ राज्यमा आइतबार राति बस र ट्रक एकआपसमा ठोक्किँदा नौ महिला र एक शिशुसहित कम्तीमा १३ जनाको मृत्यु भएको छ । घटनामा अन्य १४ जना घाइते भएका स्थानीय प्रहरीले पुष्टि गरेको छ ।

राज्यको राजधानी रायपुर नजिकै शनिबार राति ११ बजे दुर्घटना भएको हो । आफन्तको घरमा आयोजित एक कार्यक्रममा सहभागी भएर घर फर्कंदै गर्दा उक्त दुर्घटना भएको थियो । घाइतेहरूलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ । घाइतेमध्ये दुईजनाको अवस्था गम्भीर रहेको बताइएको छ ।

राज्यका पूर्वमुख्यमन्त्री भूपेश बघेलले हालैका वर्षहरूमा छत्तीसगढमा सडक दुर्घटनाको संख्यामा वृद्धि भएको बताउँदै राज्य सरकारलाई यस्ता दुर्घटनाहरू रोक्न र मानव जीवन बचाउन कदम चाल्न आग्रह गरे । *रासस/सिन्ह्वा*

# दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन फेरि अदालतमा उपस्थित

**सियोल–** दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन सुक योलले आफ्नो फौजदारी मुद्दाको अर्को सुनुवाइका लागि सोमबार अदालतमा उपस्थित भएका छन् । गत डिसेम्बर ३ मा संसद्मा सशस्त्र सैनिक तैनाथ गरिएको नागरिक शासनलाई ध्वस्त पार्ने प्रयास गरेको भन्दै सांसदहरूले महाभियोगपछि निलम्बित युनलाई गत महिना औपचारिक रूपमा पदबाट हटाइएको थियो ।

उन दक्षिण कोरियाको इतिहासमा पदमा रहेकै समय पक्राउ पर्ने पहिलो राष्ट्रप्रमुख बनेका थिए । यद्यपि, पछि उनलाई प्रक्रियागत आधारमा रिहा गरिएको थियो । युनलाई सियोलको अदालतले सुनुवाइमा उपस्थित हुन आदेश दिएको थियो र भूमिगत पार्किङस्थलबाट प्रवेश गर्ने उनको अधिकार खोसिएको थियो । यसको अर्थ उनले पहिलोपटक मिडिया स्क्रम (पत्रकारको प्रश्नको सामना गर्नुपर्ने) व्यवस्था भएको थियो ।

सुट र रातो टाईमा सजिएका युन अदालतमा उपस्थित हुँदा पत्रकारको कुनै पनि प्रश्नको जवाफ नदिई अगाडि बढेका थिए । यसअघिका सुनुवाइमा पूर्वराष्ट्रपतिले ९० मिनेटभन्दा बढी बोलेका थिए र आफूले विद्रोह गरेको कुरा अस्वीकार गरेका थिए । सन् १९७९ मा भएको 'कू' मा दुई जना सैन्य नेतापछि विद्रोहका लागि दोषी ठहरिने युन दक्षिण कोरियाका तेस्रो राष्ट्रपति हुने छन् ।

विद्रोहको अभियोगमा युनलाई आजीवन कारावास वा अधिकतम सजाय वा मृत्युदण्डको सजाय हुन सक्छ । दक्षिण कोरियामा सन् १९९७ देखि मृत्युदण्डमा अनौपचारिक रोक लगाइएको छ त्यसैले उनलाई मृत्युदण्डको सजाय हुने सम्भावना कम छ ।

मे महिनाको सुरुमा अभियोजनकर्ताहरूले युनलाई सैनिक कानुन (मार्शल ल) को घोषणालाई लिएर शक्तिको दुरूपयोग गरेको अभियोगमा विनानजरबन्द अभियोग लगाएको थियो । *रासस/एएफपी*


**Goverment of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Federal Water Supply and Sewerage Management Project**
**Ilam**

**Invitation for Bids**

**Date of publication: May 13, 2025.**

1. Federal Water Supply and Sewerage Management Project - Ilam invites electronic bids from Nepalese eligible bidders for the following sealed quotations. Eligible bidder may obtain further information from the www.bolpatra.gov.np/egp .

| S. N. | IFB No: | Description of Works | Estimated Cost (Exclusive of VAT and Contingencies) | Bid Security Fee | Bid Document Fee (NRS.) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | FWSSMPILAM/16/081/082/SQ | Procurement and Supply of GI Pipes/PE-100 Pipes /Fittings for different Water Supply Projects | 1769837.20 | 50,000.00 | 1,000.00 | May 28, 2025. 12:00 hours. |
| 2 | FWSSMPILAM/17/081/082/SQ | Procurement and Supply of PE-100 Pipes for different Water Supply Projects | 1769847.51 | 50,000.00 | 1,000.00 | May 28,2025. 12:00 hours. |

2. The employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning reason, whatsoever.

**Project Chief**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १८६८०० | प्रति तोला – ० | प्रति तोला – १९६० |

## ‘जलविद्युत्मार्फत क्षेत्रीय आर्थिक सहकार्य जरूरी’



**ढाका (बंगलादेश)–** बंगलादेश सरकारका प्रमुख सल्लाहकार मुहम्मद युनुसले जलविद्युत्का क्षेत्रमा सहकार्य आवश्यक भएको बताएका छन् ।

बंगलादेशमा रहेकी प्रतिनिधिसभाका उपसभामुख इन्दिरा रानासँग सोमबार ढाकामा भएको भेटमा उनले बंगलादेश, नेपाल, भुटान र भारतको उत्तरपूर्वका सात राज्यबीच जलविद्युत्, स्वास्थ्य सेवा र सडक पूर्वाधारमा अन्तरदेशीय सहकार्य आवश्यक भएको बताएका हुन् ।

प्राध्यापक युनुसले भने, ‘बंगलादेश, नेपाल, भूटान र भारतको उत्तरपूर्वीमा रहेका सातवटा राज्यबीचको एकीकृत आर्थिक योजना आवश्यक छ, यसबाट हामीले छुट्टाछुट्टै भन्दा सँगै भएर धेरै फाइदा लिन सक्छौँ’, उनले भने ।

उनले नेपाल र बंगलादेशबीच जलविद्युत्को क्षेत्रमा दरिलो सहकार्य गर्न सकिने उल्लेख गरेका थिए । गत अक्टोबरमा बंगलादेश-नेपाल-भारतमाझ नेपालबाट बंगलादेशमा भारतीय ग्रीडमार्फत ४० मेगावाट विद्युत् ल्याउनका लागि त्रिपक्षीय सहमति भएको थियो ।

उनले बंगलादेशले यस क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विस्तारमा प्रतिबद्धताका साथ काम गरिरहेको पनि उल्लेख गर्नुभयो । ‘हामीले रंगपुरमा सुरु गर्न लागेको एक हजार शय्याको अस्पतालको सेवा नेपाल र भुटानबाट आउने बिरामीका लागि पनि लक्षित छ, क्षेत्रीय सहकार्यबाट स्वास्थ्य क्षेत्रमा समृद्धि हासिल गर्न सकिन्छ’, उनले भने ।

त्यस अवसरमा उपसभामुख इन्दिरा रानाले विभिन्न क्षेत्रमा द्विपक्षीय सहकार्यका लागि नेपालको इच्छुक रहेको उल्लेख गरेकी थिइन् । ‘नेपालका सबै सांसदहरू बंगलादेशसँग नजिक रहेर काम गर्न चाहना राख्नुभएको छ, हामी दुई देशबीचमा आर्थिक सहकार्य र नागरिकस्थरमा सम्बन्ध विस्तारमा गम्भीर छौँ ।’

उनले हाल बंगलादेशका मेडिकल कलेजमा दुई हजार सात सयभन्दा बढी नेपाली विद्यार्थी रहेको उल्लेख गर्दै यहाँको गुणस्तरीय शिक्षाको प्रशंसा गरिन् । साथै उनले यसमार्फत दुई देशबीचमा शैक्षिक सहकार्य पनि गर्न सकिने सम्भावना औँल्याए ।

त्यसअवसरमा दुवै पक्षबाट भौतिक अन्तरआबद्धताका विषयमा छलफल भएको उपसभामुख रानाको सचिवालयले जनाएको छ । प्रमुख सल्लाहकार युनुसले दुई देशबीच सडक सञ्जाल विस्तारबाट नेपालले उल्लेख्य मात्रामा व्यापारिक लाभ लिन सक्ने धारणा राखे ।

त्यस अवसरमा बंगलादेशका लागि नेपालका राजदूत घनश्याम भण्डारी, प्रमुख सल्लाहकार युनुसका दिगो विकास लक्ष्य कार्यक्रमका संयोजक लामिया मोरसेद र बंगलादेशका परराष्ट्र मन्त्रालयका महाप्रबन्धक इस्रात जहानलगायतको उपस्थिति थियो । *रासस*

## ‘निजी क्षेत्रका समस्या सम्बोधन गर्न निरन्तर सुधार’

■ प्रभाव संवाददाता



**काठमाडौं–** उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको अर्थतन्त्रलाई चलायमान गर्दै निजी क्षेत्रका समस्या सम्बोधन गर्न सरकार निरन्तर सुधारका काममा लागिरहेको बताएका छन् ।

नेपाल चेम्बर अफ कमर्सद्वारा आगामी आर्थिक वर्ष २०८२/८३ को राजश्व नीति तथा कार्यक्रम, आर्थिक विधेयक र बजेट तर्जुमाका लागि प्रस्तुत सुझाव ग्रहण गर्दै सोमबार उनले अर्थतन्त्रमा निजी क्षेत्रको योगदानको महत्व राम्रोसँग बुझेकै कारण सरकारले अधिकतम सहजीकरण गरिरहेको उल्लेख गरे । अर्थमन्त्री पौडेलले भने, ‘वर्तमान सरकार गठन भएलगत्तै निजी क्षेत्रले लामो समयदेखि भनिरहेका समस्या अन्त्य गर्न कानुन संशोधनलगायतका महत्वपूर्ण प्रयास भएका छन् । त्यसलाई कार्यान्वयन गर्न आवश्यक निर्णय लिएर अघि बढिरहेका छौं । आर्थिक सुधार सुझाव आयोगले दिएको प्रतिवेदनलाई सरकारले आत्मसात गर्नेछ ।’

आमउपभोक्ताको आम्दानी, रोजगारी, उत्पादन र उत्पादकत्वसहित समग्र राष्ट्रिय आयआर्जन बढाउने सिलसिलामा सरकारले एकपछि अर्को सुधारका कदम अघि बढाएको भन्दै उनले अर्थतन्त्रका क्षेत्रमा देखिएका समस्या समाधानका निम्ति सरकार गम्भीर र सजग रहेको बताए । वर्तमान सरकार गठन भएयता अर्थतन्त्रका प्रयास र सबैजसो परिसूचकमा सकारात्मक प्रगति भएको तथ्यले बताएको उनको भनाइ थियो । ‘सरकार हाल प्राप्त उपलब्धिमै चित्त बुझाएर बस्दैन, थप उपलब्धि हासिल गर्नपर्छ भन्ने मान्यताका साथ आगामी आर्थिक वर्षको बजेट निर्माणमा लागेका छौँ’, उनले भने ।

निजीक्षेत्र अर्थतन्त्रको महत्वपूर्ण हिस्सा भएकाले यसको आत्मबल र विश्वासलाई प्रवर्द्धन गर्न सरकार सकारात्मक रहेको जनाउँदै अर्थमन्त्री पौडेलले चेम्बरले दिइएका उचित सुझावलाई आवश्यकताका आधारमा ग्रहण गर्ने प्रतिबद्धता व्यक्त गरे ।

त्यसअवसरमा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले संसद्का दुई ठूला दल मिलेर बनेको वर्तमान सरकारबाट निजी क्षेत्रले ठूलो अपेक्षा राखेको गरे । उनले भने, ‘सरकारको वार्षिक नीति तथा कार्यक्रमले पनि आगामी दिनमा अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत पुग्ने देखिन्छ । निजी क्षेत्र सम्मिलित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनले महत्पवूर्ण सुझाव दिएको छ । त्यसको कार्यान्वयनले आर्थिक क्षेत्रमा आशाको संकेत देखिनेछ ।’

आर्थिक समृद्धिका महत्वपूर्ण आधार कृषि, पर्यटन र ऊर्जा क्षेत्रको विकास, रोजगारी सृजना, व्यावसायिक र औद्योगिक लगानीको वातावरण तथा उत्पादन वृद्धिलाई पहिलो प्राथमिकतामा राखेर आगामी बजेट निर्माण हुनुपर्नेमा जोड दिदै चेम्बरले गैरकर, मूल्य अभिवृद्धि कर, आयकर, अन्त:शुल्क, राजश्व अनुसन्धान तथा सम्पत्ति शुद्धीकरण, भन्सारलगायत विषयमा सुझाव प्रस्तुत गरेको छ ।

यस्तै, विद्युतीय सवारीसाधनमा कर वृद्धि गर्न नहुने तथा आयातित सामानमा अति आवश्यक वस्तुबाहेक एमआरपी अनिवार्य हुन नहुने, आगामी बजेटमा बैङ्क, वित्तीय तथा बिमा, कृषि जडिबुटी तथा वनजन्य उत्पादन, ऊर्जा र उद्योग वाणिज्य तथा आपूर्तिका विषयमा समेट्न र सम्बोधन गरिनुपर्नेलगायत एक सय एक विषयमा दिइएको छ ।

## रेसुंगाबाट सातामा तीन पटक उडान हुने



**तम्घास (प्रस)–** यात्रुको चाप बढेसँगै गुल्मीको रेसुंगा विमानस्थलबाट हप्तामा तीन पटक उडान हुने भएको छ । विगत केही समययता साप्ताहिक उडान भर्दै आए पनि यात्रुको चाप हेरेर आइतबार, मंगलबार र बिहीबार गरी हप्तामा तीन पटक सेवा दिने रेसुंगा विमानस्थल स्टेशन प्रमुख सुमन थापाले जानकारी दिए ।

नेपाल एयरलाइन्सका जहाज अभावका कारण सेवा नियमित हुन सकेको थिएन । नेपाल एयरलाइन्सको टुइनेटर जहाजमार्फत सेवा सञ्चालन हुँदै आएको छ । नेपाल एयरलाइन्सका जहाज मर्मतपछि नियमित उडान पुन:सुरु गरेको हो । रेसुंगा-काठमाडौंका लागि रु सात हजार ८० र काठमाडौं-रेसुंगा रु सात हजार दुई सय ८० भाडादर कायम छ ।

मौसम खराबी र जहाज अभाव देखाएर नियमित उडान हुनसकेको थिएन । हप्तामा तीन दिन हुने उडानले गुल्मेलीमा उत्साह छाएको स्थानीय मनोज कार्कीले बताए ।

निगमको १८ सिट क्षमताको जहाजले बिहान ६:१० बजे काठमाडौंबाट रेसुंगा र बिहान ७:१५ बजे रेसुंगाबाट काठमाडौंका लागि उडान गर्ने गरी समय निर्धारण गरेको छ ।

## प्रतिकूल मौसमले सगरमाथा आरोहण प्रभावित

■ प्रभाव संवाददाता

**काठमाडौं–** वसन्त ऋतुमा सगरमाथासहितका विभिन्न हिमाल आरोहण जारी छ । तथापि प्रतिकूल मौसमका कारण सोमबार सगरमाथा, कञ्चनजंघालगायत हिमालको आरोहण प्रभावित भएको छ । पर्यटन विभागका अनुसार सगरमाथामा तीव्र गतिको हावाका कारण आरोहण प्रभावित भएको हो ।

विभागका निर्देशक हिमाल गौतमले भने, ‘सगरमाथामा तीव्र गतिको हावा बहेका कारणले गर्दा आरोहण हुन नसकेको खबर आएको छ ।’

आरोहणको तयारीमा रहेका धेरै संख्याका आरोही अहिले सुरक्षित स्थलतर्फ फर्किदैछन् । अक्सिजन पर्याप्त भएका आरोही भने दोस्रो र तेस्रो शिविरमा अनुकूल मौसमको प्रतिक्षामा छन् । सगरमाथाको आधार शिविरमा रहेको पर्यटन विभागको अस्थायी फिल्ड कार्यालयका प्रतिनिधि पासाङ भोटेका अनुसार मौसममा आएको खराबीले सगरमाथा आरोहण प्रभावित भएको छ ।

मौसमका कारण मे १५ तारिखमा आरोहण गर्ने योजना रद्द भएको छ । सम्भवत: मे १४ तारिखको आरोहण योजना पनि रद्द हुनेछ । उक्त मितिमा सगरमाथाको चुचुरोमा पुग्ने योजना बनाएका आरोही आधार शिविर झरिरहेको विभागका प्रतिनिधि भोटेले बताए । उनले भने, ‘मौसमका कारण सगरमाथाको आरोहण हुनसकेको छैन । चौँथो शिविर पुगेका आरोही आजसम्म सबैजना आधार शिविर आउनुहुन्छ होला ।’

मौसम खराबीका कारण अबको तीन/चार दिन सगरमाथा आरोहण नहुने जनाइएको छ । मौसमले साथ दिए मे १८ तारिखदेखि सगरमाथा आरोहण हुने विभागले उल्लेख गरेको छ ।

सगरमाथा आरोहण व्यवस्थापनको जिम्मेवारी पाएको एकटके एक्सपिडिसन कम्पनीका अनुसार मे ११ देखि १४ तारिखसम्म सर्वाधिक सफ्यामा आरोही चुचुरोमा पुग्ने सम्भावना थियो । मे १२ देखि १५ सम्म ‘समिट बिन्डो’ रहेको थियो । मे १६ र १७ मा हिमपात हुने अनुमान गरिएको थियो । तर पाँच दिन अगाडि नै सगरमाथा क्षेत्रको मौसम बिग्रिएर आरोहण अवरुद्ध भएको हो ।

हालसम्म सगरमाथाको चुचुरोसम्म डोरी टाँग्ने (रोप फिक्सिङ्ङ) सहित चार समूहका आरोहीले मात्रै सगरमाथा चढेको विभागको फिल्ड कार्यालयले जनाएको छ । कञ्चनजंघा हिमालमा पनि प्रतिकूल मौसमले आरोहण प्रभावित भएको विभागले जनाएको छ ।

मे १० तारिखमा दावा फुञ्जो शेर्पा र फुर्साङ शेर्पाले सगरमाथा आरोहण गरेका छन् । यस्तै मे ११ मा बेलायतका आरोही मिचेल लियोनार्ड डाक्रेले आरोहण गरे । नेपालबाट ग्याल्जे शेर्पा, फुरी शेर्पा र आङ पेम्बा शेर्पाले सगरमाथा आरोहण गरेका छन् ।

त्यस्तै इक्वेडरका पेट्रिसियो एरेभालोले पनि सोही दिन आरोहण गरेका छन् । मे ११ तारिखकै दिन दावा फुञ्जो शेर्पाले लोहोत्से हिमालको पनि आरोहण गरेका छन् ।

आरोहीहरू अहिले सगरमाथाको दोस्रो र तेस्रो शिविर आसपास प्रतिक्षारत छन् । त्यसैगरी यस याममा पाँच नेपाली, तीन चिनियाँ आरोही र एक किर्गिस्तानीले मकालु आरोहण गरेको विभागको फिल्ड कार्यालयले जनाएको छ ।

वसन्त ऋतुको सगरमाथा आरोहण यही वैशाख २६ गतेदेखि सुरु भएको हो । एटके एक्सपीडिसन कम्पनीबाट खटिएका सात जनाको शेर्पा टोलीले शुक्रबार साँझ ५ बजे सगरमाथाको चुचुरोमा टोरी टाँगेर आरोहणको ढोका खोलेका थिए ।

यो याममा सर्वोच्च शिखर सगरमाथासहित २६ हिमाल आरोहणका लागि ११९ आरोही समूहका दुई सय ४० महिला र ८८७ पुरुष गरी कूल एक हजार १२७ जनाले आरोहण अनुमति लिएका छन् । सबैभन्दा बढी सगरमाथा आरोहणमा ४५ आरोही समूहका ८४ महिला र ३७२ पुरुष गरी कूल ४५६ आरोहीले आरोहण अनुमति लिएका छन् ।

## शोधनान्तर स्थिति तीन खर्ब ४६ अर्ब २३ करोडले बचतमा

**काठमाडौं (प्रस)–** चालु आर्थिक वर्षको नौ महिनामा शोधनान्तर स्थिति रु तीन खर्ब ४६ अर्ब २३ करोडले बचतमा रहेको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरण अनुसार, अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु तीन खर्ब ६५ अर्ब १६ करोडले बचतमा थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा दुई अर्ब ७५ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा दुई अर्ब ५५ करोडले बचतमा रहेको छ ।

त्यसैगरी समीक्षा अवधिमा चालु खाता रु दुई खर्ब १० अर्ब २२ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु एक खर्ब ७९ अर्ब ८३ करोडले बचतमा थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब ३५ करोडले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा १ अर्ब ५५ करोडले बचतमा छ ।

समीक्षा अवधिमा खुद पुँजीगत ट्रान्सफर रु सात अर्ब ७१ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद पुँजीगत ट्रान्सफर रु चार अर्ब ७८ करोड रहेको थियो । यसैगरी, समीक्षा अवधिमा रु आठ अर्ब ९६ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा प्रत्यक्ष वैदेशिक लगानी रु छ अर्ब ४९ करोड थियो ।

कुल विदेशी विनिमय सञ्चिति १८ दशमलव नौ प्रतिशतले वृद्धि भई चैत मसान्तमा रु २४ खर्ब २६ अर्ब ८४ करोड पुगेको छ । अमेरिकी डलर सञ्चिति गत असार मसान्तमा १५ अर्ब २७ करोड रहेकामा गत चैत मसान्तमा १५ दशमलव चार प्रतिशतले वृद्धि भई १७ अर्ब ६३ करोड पुगेको छ ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तमा रु १८ खर्ब ४८ अर्ब ५५ करोड रहेकामा गत चैत मसान्तमा १५ दशमलव छ प्रतिशतले वृद्धि भई रु २१ खर्ब ३६ अर्ब ४६ करोड पुगेको छ ।

बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति गत असार मसान्तमा रु एक खर्ब ९२ अर्ब ५५ करोड रहेकामा २०८१ चैत मसान्तमा ५० दशमलव आठ प्रतिशतले वद्धि भई रु दुई खर्ब ९० अर्ब ३८ करोड कायम भएको छ । गत चैत मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २० दशमलव चार प्रतिशत छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ